अमेरिकी विशेष दूत विटकोफले आगामी साता रूस भ्रमण... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ७७ • २०८२ साल साउन २० गते मंगलबार (5 August, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## हत्या गरी लुटपाट गर्ने गिरोह पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। लुटपाट गर्दै गोली हानी हत्या गरेको घटनामा सप्तरी प्रहरीले ९ जनालाई पक्राउ गरेको छ।

जिल्लाको सुरुंगा नगरपालिका ८ स्थित मलहनमा टोलका ६५ वर्षीय कन्तलालको हत्या गर्दै घरमा लुटपाट गर्ने गिरोह र लुटपाटको सामान किनबेच गर्नेलाई प्रहरीले पक्राउ गरेको छ।

सप्तरीका प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले गत जेठ २३ गते राति डाँकाहरुको समूहले चौधरीको घरमा लुटपाट गर्दा डाकाहरुलाई चिनेको भनेपछि गोली हानी हत्या गरेको मृतकको श्रीमतीको बयानलाई उद्धृत गर्दै जनाएका छन्।

सो घटनामा प्रहरीले लुटपाट गर्ने सुरुंगा- ८ का २७ वर्षीय राजेश कुमार मरिक, २८ वर्षीय संजय मरिक, बोदेबसाईन नगरपालिका- २ का २० वर्षीय दीपेन मरिक, खडक नगरपालिका- ११ का ३४ वर्षीय हरिकिसुन मरिक, शम्भुनाथ नगरपालिका- ८ का २४ वर्षीय दीपक मरिक, उदयपुरको बेलका नगरपालिका- १ का २८ वर्षीय चन्दर मरिकलाई पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ।

त्यस्तै लुटपाटको गरगहनाहरु संकलन गरी बेचबिखन गर्ने सुरुंगा- ७ स्थित पोखरिया बसनपट्टीका ३३ वर्षीय राजु कुमार विश्वकर्मा, विश्वकर्माले सुन चाँदीको गरगहना गलाउन दिएका सिरहाको लहान नगरपालिका- ७ स्थित सञ्चालित श्रद्धा सुन चाँदी गलाई सेन्टरका सञ्चालक ५२ वर्षीय महेन्द्र गोड्से, सुन चाँदी खरिद गर्ने ओम ज्वेवर्सका सञ्चालक सिरहाको लहान- ८ का ३८ वर्षीय उमेश साह सोनारलाई पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ।

लुटपाट तथा हत्यापछि सप्तरी प्रहरीले विशेष सुराकीको आधारमा राजु कुमार विश्वकर्मालाई गत शुक्रबार नियन्त्रणमा लिएपछि घटनामा संलग्नहरुको नाम एवं पहिचान खुलेको प्रहरीले जनाएको छ। विश्वकर्माले आरोपितहरुको नाम भन्दै गरगहनाहरु बेचेको भनेपछि उनीहरुलाई नियन्त्रणमा लिइ सोधपुछ गर्दा चोरी गरेको बेचेको स्वीकार गरेको प्रवक्ता बस्नेतले जानकारी दिए।

### बमजनलाई सफाइ दिने उच्चको फैसला

## पुनरावेदनमा जाने महान्यायाधिवक्ता कार्यालयको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम। तपश्वीको भेष धारण गरेका रामबहादुर बमजनलाई सफाइ दिने उच्च अदालत जनकपुरको फैसलाविरूद्ध महान्यायाधिवक्ता कार्यालयले पुनरावेदन गर्ने भएको छ।

महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दिने तयारी थालेको जनाएको छ।

उच्च अदालत जनकपुरका न्यायाधीश नरिश्वर भण्डारी र खेमराज भट्टको इजलासले चैत ६ गते बमजनलाई बाल यौन दुरूपयोग गरेको अभियोगमा सफाइ दिएको थियो।

सर्लाही जिल्ला अदालतका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले २०८१ असार १७ गते १० वर्ष कैद सजाय र बालिकालाई ५ लाख रुपैयाँ क्षतिपूर्तिको फैसला गरेका थिए। सो फैसलालाई उच्च अदालत जनकपुरका न्यायाधीशहरूले उल्ट्याउँदै सफाइ दिएका थिए।

उच्च अदालतले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि उच्च सरकारी वकिलको कार्यालय जनकपुरमार्फत पुनरावेदनका लागि महान्यायाधिवक्ता कार्यालयमा पत्राचार गरेको थियो।

साउन ७ गते नै सो फैसलाको पुनरावेदनमा जाने निर्णय भएको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता तथा सहन्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले जानकारी दिए।

उनले भने, 'साउन ७ गते उच्च अदालतले गरेको फैसला त्रुटिपूर्ण भएको हुँदा बदर गरिपाऊँ भनेर र अभियोगको दाबीअनुसार सजाय गरिपाऊँ भनेर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने भनेर निर्णय भएको छ, जिल्ला अदालतले १० वर्ष कैद र ५ लाख क्षतिपूर्ति सुनायो तर उच्च अदालतले अभियोगपत्र नै खारेज हुने फैसला गर्‍यो। हदम्याद नाघेको हुँदा अभियोग पत्र नै खारेज हुने भनिदियो।'



हदम्याद नै नाघिसकेको भनेर उच्च अदालत जनकपुरले फैसला गरेपछि महान्यायाधिवक्ता कार्यालयले बालबालिकासम्बन्धी ऐन २०७५मा भएको व्यवस्था देखाउन लागेको छ।

सो कानुनको दफा ७४ मा हदम्याद सम्बन्धी व्यवस्था छ। त्यसको उपदफा २ मा 'बालबालिका विरूद्धको कसुरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका १८ वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ' भनिएको छ।

यस घटनामा पीडित गंगामाया १३ वर्षकी हुँदा रौतहटबाट बमजनको आश्रममा गएकी थिइन्। २०७३ साउन २० गतेको राति आश्रममा गंगामायामाथि बमजनले बलात्कार गरेको अभियोग थियो।

दुई वर्षपछि २०७५ साल भदौंमा गंगामाया काठमाण्डु आएर सो घटना सार्वजनिक गरेकी थिइन्।

पत्रकार सम्मेलनपछि उनी महानगरीय अपराध अनुसन्धान महाशाखा (अहिले काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय) गएकी थिइन्। प्रहरीले हदम्याद गुज्रिएको भनेर उजुरी लिएन। त्यतिखेर बलात्कार मुद्दामा ६ महिनाभित्र दर्ता गरिसक्नुपर्ने हदम्याद थियो।

त्यसको दुई दिनपछि मात्रै बालबालिकासम्बन्धी ऐन प्रमाणीकरण भएको थियो। त्यही कानुनलाई टेकेर बमजनविरूद्ध अभियोग तयार भएको थियो।

महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालतको निर्णय नम्बर ७४३२ को नजिरलाई आधार बनाएको सहन्यायाधिवक्ता पुडासैनीले बताए।

उनले भने, 'कसुर गर्दाको अवस्थामा नै कसुर मानिएको कार्यलाई पछाडिको कानुनले पनि कसुर मानेकोमा अनुसन्धान कार्यविधिको हकमा पछिल्लोको कानुन अनुसरण गरेको कार्यले अभियुक्तको फौजदारी दायित्वमा प्रतिकूल असर परेको नरहने,' उत्तम लामाविरूद्ध नेपाल सरकार भएको मुद्दामा भनिएको छासर्वोच्च अदालतको निर्णय नम्बर ७४३२ को मुद्दामा चरिमायालाई २०४३ साल साउनमा खाइबा स्याङतान र उत्तम स्याङतान (लामा) ले भारतको मुम्बइमा लगेर वेश्यावृत्तिमा लगाउन ३५ हजार रूपैयाँमा बेचेका थिए। १२ वर्षपछि चरिमाया नेपाल फर्किइन् अनि खाइबा र उत्तमविरूद्ध मुद्दा दिइन्। मकवानपुर जिल्ला अदालत र हेटौंडा पुनरावेदन अदालतले दुवैलाई दोषी ठहर गरी सजाय सुनाए।

सर्वोच्च अदालतमा पुनरावेदन गर्दै उत्तमले घटना हुनुभन्दा पछि बनेको कानुनको हद म्याद अनुसार परेको जाहेरी र अभियोगपत्र नै खारेज हुनुपर्ने माग गरे।

गंगामायाले पत्रकार सम्मेलन गरी बमजनले गरेको बलात्कार घटना सार्वजनिक गरेको थियो।

त्यसलगत्तै बेपत्ता आनीहरू रिता वोट, कर्मा तामाङ (चुनमाया) र मकवानपुरकी फूलमाया रूम्बाका आमाबुबाले उजुरी दिए। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबीले) छानबिन सुरू गरी मुद्दा लगेको थियो। त्यसपछि बमजन आश्रमबाट फरार थिए। पछि प्रहरीले बमजनको बुढानीलकण्ठ निवासबाटै २०८० पुस २४ गते पक्राउ गरेको थियो।

प्रहरीले उनलाई पक्राउ गर्दा विभिन्न १७ वटा देशका ३० लाख ९२ हजार ४०६ रुपैयाँ बराबरका मुद्रा र ३ करोड ३४ लाख नेपाली रुपैयाँसमेत बरामद भएको थियो।









# बालिका करणी आरोपमा एकजना पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको सिम्रौनगढ नगरपालिकास्थित ९ वर्षीय बालिकालाई करणी गरेको आरोपमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

जबरजस्ती करणीको गम्भीर अभियोगमा प्रहरीले एक युवकलाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका-१० सिथत देवापुर टेन्टा टोलका ३१ वर्षीय छोटेलाल प्रसाद यादवलाई ९ वर्षीया बालिकामाथि जबर जस्ती करणी गरेको आरोपमा पक्राउ गरिएको बारा प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले जानकारी दिए। पीडित बालिकाका परिवारजनले दिएको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय सिम्रौनगढको टोलीले यादवलाई नियन्त्रणमा लिएको जनाएको छ। बालिकामाथि यौन दुर्व्यवहार तथा जबरजस्ती करणी गरिएको उल्लेख गर्दै पीडित पक्षले प्रहरीमा उजुरी दर्ता गरेका थिए।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा बालिकामाथि यादवले गम्भीर आपराधिक कार्य गरेको पुष्टि हुनसक्ने देखिएको छ। पक्राउ परेका यादवमाथि हाल कसुरअनुसारको कानुनी प्रक्रिया अघि बढाइएको र थप अनुसन्धान जारी रहेको इलाका प्रहरी कार्यालय सिम्रौनगढले जनाएको छ।

# करेन्ट लागेर एक जनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। रौतहटमा करेन्ट लागेर आइतबार राति एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा ईशनाथ नगरपालिका -८ स्थित मंसरी टोलका ५५ वर्षीय शेख जफिर रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिए।

धान रोप्नका लागि विद्युतीय मोटरको प्रयोगले खेतमा पानी हालेपछि विद्युत् मिटरको तार पोलबाट निकाल्ने क्रममा जफिर घाइते भई मृत्यु भएको प्रहरी निरीक्षक महतोले बताए।



घाइते जफिरलाई उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिएकोमा चिकित्सकले मृत्यु भइसकेको प्रहरी निरीक्षक महतोले बताए।

स्थानीय महम्मद मोजिबुल्लाहका अनुसार विद्युत प्राधिकरणको लापरवाहीले किसानको करेन्ट लागेर मृत्यु हुने गरेकाले यसप्रति सम्बन्धित निकायले ध्यान दिन जरुरी रहेको उनको भनाइ छ।

सिचाइँका लागि किसानले पाउने कृषि मिटर आवश्यक परेको बेला लाइन सप्लाई भएको तारमा लाउने र पानी हाल्ने काम भए पछि मिटरको तार निकाल्ने गरेकोमा तार जोड्ने वा निकाल्ने क्रममा करेन्ट लाग्नु विद्युत प्राधिकरणको कमी कमजोरी रहेको उनले बताए।

विद्युत प्राधिकरणले जडान गरेका पोलमा अर्थिङ् नरहेकाले समेत करेन्ट लाग्ने समस्या रहेकाले तत्काल विद्युत प्राधिकरणले समस्याको हल ननिकाले आन्दोलनमा उत्रनुको विकल्प किसानसँग नरहेको उनले बताए।

जिल्ला प्रशासन कार्यालय रौतहटले सिचाइँ प्रयोजनका लागि विद्युत् मिटर प्रयोग गर्दा विद्युत प्राधिकरणसँग समन्वय गर्न सूचना जारी गरे पनि विद्युत प्राधिकरणले यस सम्बन्धमा कुनै चासो नलिने गरेको किसानहरुले गुनासो गरे।

# जनता मावि सोनरनियाको तीनतले विद्यालय भवनको शिलान्यास



**टुडे समाचारदाता**

रौतहट। रौतहटको मौलापुर नगरपालिका अन्तर्गत जनता माध्यमिक विद्यालय सोनरनियामा नयाँ तीनतले विद्यालय भवन निर्माण कार्यको शिलान्यास एक विशेष समारोहबीच सम्पन्न गरिएको छ।

सो भवनको शिलान्यास आमजनता पार्टीका अध्यक्ष प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री प्रभु साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रममा बोल्दै अध्यक्ष साहले शिक्षा क्षेत्रलाई सबल बनाउने दिशामा आफू निरन्तर प्रतिबद्ध रहेको बताउँदै आगामी दिनमा विद्यालय परिसरमै क्याम्पस स्थापनार्थ आवश्यक पहल गर्ने घोषणा गरेका छन्।

निर्माण हुने बिद्यालय भवन तिनतल्ला, कोठा संख्या १२, बेंच संख्या १६८, डेस्क संख्या १६८, शौचालय ब्लक १ रहने प्रमुख प्रशासकिय अधिकृत रामबाबु साहले बताएका छन्।

कुल रकम ३करोड, ४५लाख, ५६हजार,६०८ रुपैयाँमा निर्माण कम्पनी सत्यश्वर-एएसीसी-एसआर जेभी, सर्लाहिले सम्झौता गरेको अधिकृत साहले जानकारी दिएका छन्।

निर्माण सम्पन्न गर्ने अन्तिम मिति२०८३ असोज ३ गतेसम्मको अवधी रहेको छ। सिलान्यास समारोहमा पूर्व मन्त्री प्रभु साहका साथै मौलापुरकी मेयर रिना कुमारी साह, बिभिन्न वडाका अध्यक्षहरु लगायतको उपस्थिति रहेको थियो।

सो कार्यक्रममा वक्ताहरूले शिक्षा, संस्कृति र समृद्धिको यात्रालाई बलियो बनाउने दिशामा यो योजना ऐतिहासिक कदम भएको टिप्पणी गरेका थिए। स्थानीय जनप्रतिनिधिहरू, शिक्षक तथा अभिभावकहरूलाई गुणस्तरीय निर्माण कार्य सुनिश्चित गर्न निरन्तर अनुगमनमा सहयोग गर्न समेत आग्रह गरिएको छ।

यस आयोजनाले मौलापुर क्षेत्रका विद्यार्थीहरूको शैक्षिक भविष्य उज्ज्वल बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरिएको छ।

# कटुवा पेस्तोलसहित एक जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। कटुवा पेस्तोलसहित एक जनालाई पक्राउ गरेको पर्सा प्रहरीले जनाएको छ।

विशेष सूचनाको आधारमा गरिएको चेकजाँचका क्रममा प्रहरीले कटुवा पेस्तोलसहित सोमबार वीरगञ्जस्थित इनर्वागाउँबाट बिन्दावासीनी गाउँपालिका-५ स्थित प्रसौनीका साहेब खाँलाई पक्राउ गरेको पर्सा प्रहरी प्रवक्ता डिएसपी किशोर लम्सालले जानकारी दिए।

कटुवा पेस्तोलसहित हिँडिरहेको भन्ने सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको लम्सालले बताए।



पक्राउ परेका आरोपित खाँलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको पर्सा प्रहरीले जनाएको छ।

# भिजिट भिसामा जाने वार्षिक पौने तीन लाख, ४२ प्रतिशतभन्दा बढी महिला

काठमाण्डु। पछिल्लो समय त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट 'भिजिट भिसा'मा विभिन्न गन्तव्यमूलुक जाने नेपालीको सङ्ख्या उल्लेख्य रुपमा बढ्दो छ। यही विषयलाई थप व्यवस्थित बनाउन नेपाल सरकारले अध्यागमन क्षेत्र सुधारका अल्पकालीनदेखि दीर्घकालीनसम्मका योजना तयार गरेको छ।

भिजिट भिसा प्रक्रियामा देखिएका विकृति र विसङ्गतिको समाधानका लागि सदनदेखि सडकसम्म आवाज उठ्दै आएका छन्। सरकारले यसमा सुधारका लागि छानबिन समिति गठन गरी काम सुरु गरिसकेको छ। अर्कोतिर यही प्रकरणको विषयमा उच्चस्तरीय छानबिन समितिको माग गर्दै प्रतिनिधिसभामा दुई राजनीतिक दलले बैठकलाई अवरोध गर्दै आएका छन्।

गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले नेपाल प्रवेश गर्ने वा नेपालबाट बाहिरिने यात्रुहरूको राहदानी, भिसा र अन्य कागजातको जाँच गरी आधिकारिकता प्रमाणित गर्ने काम गर्दै आएको छ। विमानस्थलबाट बर्सेनि यसरी भिजिट भिसामा यात्रा गर्ने नेपालीको सङ्ख्या बढ्दै जाँदा व्यवस्थापनका लागि स्रोतसाधन र प्रविधिमा चाप बढेको छ। अध्यागमन विमानस्थल कार्यालयमा हाल झण्डै एक सय ५० जना कर्मचारी समयतालिका अनुसार कार्यरत रहेको विभागले जनाएको छ।

गृह मन्त्रालयले अध्यागमन क्षेत्रलाई चुस्त बनाउन भन्दै केही दिन अघिमात्र विभागको महानिर्देशकमा रामचन्द्र तिवारी र विमानस्थल अध्यागमन कार्यालय प्रमुखमा नरहरि अर्याललाई खटाएको छ। महानिर्देशक तिवारीले विभागलाई केवल आगमन र प्रस्थानको अभिलेख राख्ने निकायमा सीमित नराखी राष्ट्रिय सुरक्षा र सुरक्षित आप्रवासनका क्षेत्रमा नीतिगत सुझाव दिने एक विशेषज्ञ निकायको रूपमा विकास गर्ने गरी काम गर्ने बताउनुभयो।

उहाँले अध्यागमनसम्बन्धी ऐन, नियम र कार्यविधिलाई वर्तमान समयको आवश्यकता र अन्तरराष्ट्रिय अभ्यास अनुकूल परिमार्जन आवश्यक रहेको उल्लेख गर्दै प्रविधिमा आधारित सुधारका विभिन्न कार्ययोजनासमेत तयार गरेको अवगत गराउनुभयो। महानिर्देशक तिवारीले भन्नुभयो, "राहदानी विभाग, वैदेशिक रोजगार विभाग, कन्सुलर सेवा विभाग र सुरक्षा निकायलगायत सबै निकायको डाटालाई अध्यागमन प्रणालीसँग एकीकृत गर्ने एकीकृत डिजिटल अध्यागमन प्रणाली बनाउने योजनामा छौँ।" त्यस्तै मानव संसाधन विकास र सुदृढीकरण गर्ने, विशेषज्ञता र वृत्ति विकास, उच्चस्तरको निष्ठा र अनुशासन, अन्तर-निकाय समन्वय र सहकार्यका योजनाबारे उहाँले सुनाउनुभयो।

उहाँले भिजिट भिसा प्रक्रियामादेखि समस्या समाधानका लागि परराष्ट्र, श्रम, गृह मन्त्रालय, नेपाल प्रहरी, र राष्ट्रिय अनुसन्धान विभागबीच सूचना आदानप्रदान र सहकार्यका लागि एक बलियो र स्थायी संयन्त्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।




सन् २०२४ मा दुई लाख ७१ हजार ३०५ जना नेपालीले भिजिट भिसामा विभिन्न मुलुकमा यात्रा गरेका थिए। सन् २०२३ मा दुई लाख दुई हजार ४१९ ले यात्रा गरेका थिए, भने सन् २०२२ मा एक लाख ७५ हजार ७९० र ९० हजार १८१ नेपालीले भिजिट भिसामा यात्रा गरेको विभागको तथ्याङ्क छ। यो सङ्ख्या सन् २०२५ को जुलाई सम्ममा एक लाख ३४ हजार ८२५ पुगेको छ। भिजिट भिसामा जाने प्रमुख गन्तव्य मुलुकहरुमा युएई, थाईल्याण्ड, ओमान, कतार, मलेसियालगायत रहेका छन्।

"भिजिट भिसा समस्या खुद्रे र प्रतिक्रियात्मक सुधारले होइन, वृहत, एकीकृत र दूरगामी सोचले मात्र समाधान सम्भव छ। 'भिजिट भिसामा कडाइ' को असफल भाष्यबाटमाथि उठेर सहजीकरण, नियमन र संरक्षणको नयाँ मार्गचित्र अँगाल्नुपर्छ भन्ने विभागको निष्कर्ष छ" उहाँले भन्नुभयो। प्रस्थान व्यवस्थापन र यसको बहसमा मात्र सम्पूर्णमूलुक केन्द्रित भएको परिस्थितिमा विभागले आगामी दिनमा आगमनमा पनि प्राथमिकताका साथ कार्य गर्ने योजना तयार गरेको जनाएको छ।

**महिलाको संख्यामा उल्लेख्य वृद्धि**

भिजिट भिसामा जाने महिला यात्रुहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। कूल सङ्ख्यामा महिलाको हिस्सा सन् २०२१ को १४.४ प्रतिशतबाट बढेर सन् २०२४ मा ४२.१ प्रतिशत पुगेको छ। खासगरी युएई र थाईल्याण्डजस्ता गन्तव्यमा महिला यात्रुहरुको सङ्ख्या उल्लेख्य रहेको तथ्याङ्क छ। त्यसैगरी, युएई, ओमान र कुवेत मात्र यस्ता गन्तव्य हुन् जहाँ पाँच वर्षको अवधिमा महिला यात्रुको कूल सङ्ख्या पुरुषको भन्दा बढी भएको छ।

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा म्याद भएको बैध राहदानी र यात्रा प्रयोजनसम्बन्धी भिसा, दुईतर्फी हवाई टिकट, खर्च व्यहोर्ने व्यक्ति वा संस्थाको सबै व्यहोरा खुलेको पत्र वा साथमा न्यूनतम् ५०० अमेरिकी डलर वा सो बराबरको विदेशी मुद्रा सटही गरेको प्रमाण हुनुपर्ने प्रावधान छ।

विमानस्थल अध्यागमन कार्यालयका प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेले भिजिट भिसा प्रक्रियामा देखिएका समस्या समाधानमा विशेष कार्ययोजनासहित आफूहरु खटिएको बताउनुभयो। अन्तरप्रणाली आवद्धताका विषयमा सुधार गरी अघि बढ्ने प्रण गर्दै उहाँले भन्नुभयो, "यो राष्ट्रको गरिमासँग जोडिएको विषय हो, यसमा सफलता प्राप्त गर्न सबै निकाय र क्षेत्रको सहयोग आवश्यक हुन्छ। अनिमात्र सुशासन कायम गर्न सकिन्छ।" अध्यागमन सुधारको लक्ष्य भनेको प्रविधिमैत्री, सुरक्षित, कुशल, पारदर्शी र नागरिकप्रति जवाफदेही प्रणाली निर्माण गर्नुभएको उल्लेख गर्दै उहाँले अनिमात्र राष्ट्रिय सुरक्षाको रक्षा गर्न र आफ्ना तथा विदेशी नागरिकको अधिकार र मर्यादाको सम्मान हुने बताउनुभयो।

दलालको लहलहैमा भिजिट भिसामार्फत सेटिङमा विभिन्न मुलुकमा रोजगारीका लागि जाने सर्वसाधारण अनेकौ तहमा ठगिँदै आएका छन्। रासस

# प्रधानमन्त्री ओली तुर्कमेनिस्तान प्रस्थान



काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्ठित विकासशील राष्ट्रहरू (एलएलडिसी) को तुर्कमेनिस्तानमा हुने तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा भाग लिन सोमबार मध्यरात त्यसतर्फ प्रस्थान गर्नुभएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले प्रधानमन्त्रीलाई विदाई गर्नुभयो।

सो अवसरमा नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधानसेनापति, सुरक्षा निकायका प्रमुखहरु, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायतको उपस्थिति थियो। प्रधानमन्त्रीको सम्मानमा नेपाली सेनाले सम्मान गारद अर्पण गरेको थियो।

तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेर्दिमुहामेदोभ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली सम्मेलनमा सहभागी हुन त्यसतर्फ जानुभएको हो। यही साउन २० देखि २३ गतेसम्म (५ देखि ८ अगस्ट) तुर्कमेनिस्तानको 'अवाजा' सहरमा सम्मेलन आयोजना हुनेछ।

सम्मेलनमा कम विकसित राष्ट्रहरूको विश्वव्यापी समन्वय ब्युरोको अध्यक्षका रूपमा प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुहुने कार्यक्रम छ। सम्मेलनका क्रममा एक उच्चस्तरीय गोलमेच बैठकको सहअध्यक्षता गर्नुका साथै अन्य विविध कार्यक्रममा प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने कार्यक्रम छ। रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ।
- **वृष :** नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुने छैन।
- **मिथुन :** मातापिता र अभिभावक वर्गसंग सामीप्यता राख्न सके राम्रो हुनेछ।
- **कर्कट :** मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ।
- **सिंह :** संकटको सामना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ।
- **कन्या :** नयाँ सवारी साधन प्राप्तिको योग छ। आम्दानी प्रशस्तै बढ्नेछ।
- **तुला :** कृषिकर्म र बन्दव्यापारबाट आम्दानी पनि कम हुनेछ।
- **वृश्चिक :** मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ।
- **धनु :** तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ।
- **मकर :** स्वास्थ्यमा समस्या आउन सक्छ। यात्रामा पनि झण्झट आइलाग्नेछ।
- **कुम्भ:** मानसिक तनावबाट मुक्त हुन कठिन छ।
- **मीन :** कानूनी वा प्रतियोगितात्मक क्रियाकलापमा विजय प्राप्त हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दुग्धेश्वरनाथ महादेव मन्दिरमा दर्शनार्थीको भीड

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्रभित्र पर्ने श्री १०८ दुग्धेश्वनाथ महादेव मन्दिरमा दर्शन गर्ने श्रद्धालु भक्तजनको भीड लागेको छ । साउन महिनाभरि लाग्ने सो मेलामा खासगरी साउने सोमबार भने भक्तजनको अत्यधिक घुइँचो लाग्ने गरेको छ । दुग्धेश्वरनाथ महादेव मन्दिर भाथाधाम संरक्षण समितिका अध्यक्ष अलखदेवप्रसाद थारूले दुग्धेश्वरनाथ महादेवको दर्शन गर्न आइतबार दिउँसोदेखि नै भक्तजनको उपस्थिति बढेको बताउनुभयो ।



'छिमेकीमूलुक भारतको विहार र उत्तरप्रदेशका भक्तजन धेरैजसो ट्र्याक्टरमा सवारी गरेर आउने गर्नुहुन्छ,'' उहाँले भन्नुभयो,'' आइतबारबेलुकादेखि भक्तजनहरु आउनेक्रम ह्वात्तै बढेको छ । आज बिहानैदेखि भक्तजनहरु लामवद्ध भएर भगवानको दर्शनको लागि मन्दिर परिसरमा लामबद्ध भएर दर्शन र पूर्जाअर्चना बसिरहनुभएको छ ।''

अध्यक्ष थारूले कतिपय भक्तजन आइतबार रातको समयमा महादेव भगवानको आराधाना गरेर सोमबार बिहानै दुग्धेश्वरनाथ महादेव र पार्वतीको मन्दिरमा जल चढाएर फर्किने बताउनुहुन्छ ।''हाम्रो आफ्नै धर्मशालामा करिब एक हजारभन्दा धेरै दर्शनार्थी अट्ने गर्नुहुन्छ,'' उहाँले भन्नुभयो । दुग्धेश्वरनाथ महादेवमेलाव्यवस्थापनसमितिका अध्यक्ष ग्यानलाल पटेलले दुग्धेश्वरनाथ महादेव मन्दिर दर्शन गर्नका लागि आउने दर्शनार्थीमध्ये ७५ प्रतिशत भारतीय हुने बताउनुहुन्छ ।''दुग्धेश्वरमहादेव मन्दिरप्रति आस्था र सद्भाव राख्ने दर्शनार्थीको मनोकांक्षा पूरा हुने भएकालेपनिआउनलाईतछाडमछाड जस्तै हुने गर्छ,'' उहाँले भन्नुभयो,' 'समितिले साउन महिनाभर चल्ने मेलाका लागि अस्थायी बसोबासको लागि त्रिपाल शौचालय, खानेपानी लगायतको प्रबन्ध गर्दै आइरहेका छौं ।''

मेला समितिका अध्यक्ष ग्यानलाल पटेलले पर्साजिल्लाबाट सङ्घीय र प्रदेश गरेर पाँच जना मन्त्री भए पनि भाथाधामको लागि आवश्यक सहयोग प्राप्त गर्न नसकेको गुनासो गर्नुभयो । ''भाथाधामको लागि हामीले व्यवस्थित खालको धर्मशालाको काम अघि बढाए पनि अझैसम्म पनि अधुरै रहेको छ,'' उहाँले भन्नुभयो,''धाममा बिजुली, खानेपानी लगायतको अभाव भए पनि त्यसको परिपूर्तिको लागि कसैको पनि सहयोग प्राप्त गर्न सकिरहेका छैनौं ।'' पर्सा राष्ट्रिय निकुञ्जभित्रको जङ्गलको यात्रा गरेपछि चुरेपहाडको डाँडामा दुग्धेश्वरनाथ महादेव र भगवती पार्वतीको मन्दिर अवस्थित छ । चुरेको फेदी र चारकोसे झाँडीबीचको नदीभन्दा केही अग्लो भागमा महादेव र पार्वतीको मन्दिर रहेको छ । मेला समितिका अध्यक्ष पटेलले आज भारतीय र नेपाली दशनार्थीको अत्यधिक उपस्थिति हुने भएकाले पनि व्यवस्थित गर्न पनि हम्मेहम्मे पर्ने बताउनुभयो । अध्यक्ष पटेलले आज मात्रै एक लाखभन्दा धेरै दर्शनार्थीले मन्दिरको दर्शन गर्ने दाबी गर्नुभयो ।

पर्टेवा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेशकुमार चौधरीले पनि दुग्धेश्वरनाथ मेलालाई लक्षित गर्दै अस्थायी शौचालय र सडकको मर्मतसम्भारको काम गर्दै आइरहेको बताउनुभयो ।''दुग्धेश्वरमहादेव मन्दिर यहाँको आस्थाको धरोहरको रुपमा रहेको छ । यसको संरक्षण र प्रवर्द्धनको लागि सबैले हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ,'' उहाँले भन्नुभयो । मन्दिर दर्शन गर्न दशनार्थी चारपाङ्गे सवार ासाधन, ट्र्याक्टर, मोटरसाइकल र पैदल हिँडेरै आउने गर्छन् । धेरैजसो दशनार्थी मोटरसाइकल र ट्र्याक्टर चढेर आउने गर्छन् । मन्दिरमा साउनभरि मेला लाग्ने गर्छ । यो मन्दिर वीरगञ्जबाट सवारीसाधनमा डेढदेखि दुई घण्टाको यात्रापछि पुगिन्छ । राष्ट्रिय निकुञ्जभित्रपर्ने भएकाले जङ्गली जनावरको जोखिम हुने भएकाले बेलुका सात बजेपछि मन्दिर जाने सडक बन्द गर्ने गरिन्छ । बिहान ६ बजेपछि भने फेरि खुलाउने गरिन्छ । अन्य सिजनमा भने पूर्णतया यहाँ जान रोक लगाइने गरिन्छ । पर्साको जगनाथपुर गाउँपालिकाबाट दुग्धेश्वर महादेवको आइतबार दर्शन गर्न आउनुभएकी विष्णु देवीले महादेव मन्दिरको दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने विश्वास लिएर दर्शन गर्न आएको बताउनुभयो ।रासस

# विपद् व्यवस्थापनमा सक्रियता बढाउँदै सशस्त्र प्रहरी बल



रौतहट । जिल्लास्थित सीमा क्षेत्रमा हुने अनियमित एवं गैरकानुनी गतिविधि रोक्न, विपद् जन्य घटनामा उद्धारसहित राहत वितरण गर्न र सवारी साधन दुर्घटनामा परेकाको उद्धार गर्न सशस्त्र प्रहरी बल सक्रियरुपमा परिचालित भएको छ ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतले पछिल्लो साढे पाँच महिनाको अवधिमा सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि रोकेको र विपद् जन्य घटनामा उद्धार तथा राहत वितरणमा सक्रिय भएको जानकारी दिनुभयो । जिल्लाका विभिन्न ४० स्थानमा भएका आगजनीका घटनालाई नियन्त्रणमा लिएको उहाँले बताउनुभयो ।

''सशस्त्र प्रहरीले विपद्सँग जुध्ने खालका गतिविधिमा सक्रियतापूर्वक काम गर्दै आइरहेको छ,'' उहाँले भन्नुभयो, ''साढे पाँच महिनाको अवधिमा खोलाले बगाएर हराइरहेका आठ जनाको शव फेला पारेर सम्बन्धितका आफन्तलाई बुझाएका छौं ।'' प्रमुख बस्नेतले पछिल्लो समय जिल्लाको विपद्मा पाँच सय ८० जना सशस्त्र प्रहरी कर्मचारी परिचालन गरेर विपद् व्यवस्थापन कार्यमा सक्रियता देखाउँदै आएको जानकारी दिनुभयो ।

> “सशस्त्र प्रहरीले विपद्सँग जुध्ने खालका गतिविधिमा सक्रियतापूर्वक काम गर्दै आइरहेको छ,” उहाँले भन्नुभयो, “साढे पाँच महिनाको अवधिमा खोलाले बगाएर हराइरहेका आठ जनाको शव फेला पारेर सम्बन्धितका आफन्तलाई बुझाएका छौं ।”

सशस्त्र प्रहरीले शनिबार चन्द्रपुर नगरपालिका-१ नुनथर स्थित बागमती नदीमा डुबेका एक भारतीय युवाको शव आफन्तलाई जिम्मा लगाएको छ । मादकपदार्थ सेवन गरी सो नदीमा हराइरहेका बिहार खगडियाग्राम पछौरा-२ का ३० वर्षीय रोहितकुमार सिंहको शव निजको आफन्तलाई जिम्मा लगाएको सशस्त्र प्रहरी बल जिल्ला प्रमुख बस्नेतले जानकारी दिनुभयो ।

त्यस्तै सशस्त्र प्रहरीले गत साउन ९ गते बागमती नदीमा बेपत्ता भएका बिहार मुतहीका पवनकुमार साह र घुरघुराका नीतिसकुमार राउतको शव फेला पारी आफन्तलाई जिम्मा लगाएको पनि उहाँले जानकारी दिनुभयो ।

यसैबीच रौतहटको ईशनाथ नगरपालिकाका किसान शेख जाफिरको विद्युतीय करेन्ट लागेर निधन भएका छ ।

ईशनाथ वडा नं. ८ का मन्सरी टोलका जाफिरको धानखेतमा पानी लगाउन प्रयोग भएको विद्युतीय मोटरबाट करेन्ट लागी गम्भीर घाइते हुनुभएका जाफिरको उपचारका क्रममा प्रदेश अस्पताल गौरमा निधन भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।रासस

## चलचित्रसम्बन्धी तीन 'अवार्ड' हुँदै

काठमाण्डु । आगामी भदौमा नेपाली चलचित्रसँग सम्बन्धित तीन 'अवार्ड' समारोह हुने भएको छ । आयोजकहरूले भिन्नाभिन्नै रुपमा घोषणा गरेअनुसार भदौ २६ गते 'आठौं सिने सर्कल अवार्ड-२०८२', भदौ २८ गते ' दोस्रो इन्टरनेसनल नेपाली फिल्म अवार्ड (इन्फा)' र सोही महिनामा चलचित्र समीक्षक समाजले प्रदान गर्ने 'क्रिटिक्स अवार्ड' आयोजना हुनेछ ।

पुरस्कारले चलचित्रकर्मीलाई प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको आयोजकले बताएका छन् । 'सिने सर्कल नेपाल' द्वारा आयोजित समारोहमा २५ विधामा पुरस्कार प्रदान गरिने 'आठौं सिने सर्कल अवार्ड २०८२' को संरक्षक चौधरी समूहका प्रबन्ध निर्देशक वरुण चौधरी हुनहुन्छ ।

चलचित्र समीक्षक तथा पत्रकारहरूको छाता संस्था चलचित्र समीक्षक समाजले केही वर्षदेखि रोकिएको 'क्रिटिक्स अवार्ड' लाई पुनः निरन्तरता दिने भएको हो । समाजका अध्यक्ष सामीप्यराज तिमल्सेनाले अवार्ड प्रदान गर्नका लागि चलचित्र हेर्ने काम भइरहेको बताउनुभयो ।

"हामीले समीक्षात्मक रुपमा अब्बल सावित हुने चलचित्र र चलचित्रकर्मीलाई पुरस्कृत गर्ने गरेका छौं । केही




वर्ष विविध कारणले रोकिएको पुरस्कार समारोहले पुनः निरन्तरता पाउँदैछ । हामी चलचित्र हेरिसकेपछि विजेता घोषणा गरेर भदौमा पुरस्कार वितरण गर्ने छौं", उहाँले भन्नुभयो ।

उक्त पुरस्कार नौ विधामा प्रदान गरिनेछ । 'इन्फा इभेन्ट्स युके' र 'इन्फा नेपाल' को आयोजना तथा मनु मिडियाको सहकार्यमा बेलायतस्थित लण्डनको ग्रिनफोर्ड हलमा भाद्र २८ मा 'दोस्रो इन्टरनेशनल नेपाली फिल्म अवार्ड (इन्फा)' आयोजना हुने कार्यक्रम संयोजक मनिष कार्कीले बताउनुभयो ।

"नेपाली कला र संस्कृति प्रवासमा बढाउन हामीले पुरस्कार वितरण समारोह बेलायतमा गर्ने गरेका छौं । दोस्रो शृ़ङ लामा आइपुग्दा हामी अझै परिपक्क भएर कार्यक्रमको आयोजना गरिरहेका छौं । हाम्रो चलचित्रसम्बन्धी गतिविधिले बेलायतमा बजार बढाउन र नेपाली चलचित्र प्रवर्द्धनमा टेवा पुगेको हाम्रो विश्वास छ", संयोजक कार्कीले भन्नुभयो ।

उहाँले २६ विधामा पुरस्कार वितरण गरिने र अभिनेत्री शर्मिला मल्ललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' द्वारा सम्मान गरिने जानकारी दिनुभयो ।रासस

# असफलतामा सफलता देख्ने उद्यमी आदित्य झाको व्यावसायिक यात्रा



काठमाण्डु । तराईको सामान्य गाउँ र पारिवारिक पृष्ठभूमिका आदित्य झा, अन्तरराष्ट्रिय जगत्मा ख्याति कमाएका एक उद्यमी, परोपकारी, समाजसेवी हुनुहुन्छ ।

उहाँ हुनुहुन्छ नेपाली मुलका क्यानडेली व्यवसायी । 'अर्डर अफ क्यानडा' का सफल उद्यमी । डिजी मार्केट इन्टर नेसनलका संस्थापक । महोत्तरी जिल्लाको सीमावर्ती क्षेत्र मधवा गाउँमा जन्मिनुभएका झालाई धेरैले प्रश्न गर्छन्, "गाउँको मान्छे तपाईँले कसरी यस्तो अवसर पाउनुभयो ?"झाले यो प्रश्न धेरै पटक सुन्नुभएको छ । कति ठाउँमा वक्ताका रूपमा आफैँ यसबारे बोल्नुभएको छ । उहाँलाई लाग्छ, मानिसहरू प्रायः परिस्थितिले अल्झिन्छन् र परिस्थितिबाटै सफलताको खुड्किलो चढ्छन् ।

उहाँका बुबा वकिल हुनुहुन्थ्यो । मधवामा करिब ९० बिघा जमिन थियो । शिक्षित र सम्पन्न परिवार भएकाले उहाँले फरक अवसर पाउनुभयो । "मेरो फाइदा के भयो भने मैले राम्रो शिक्षा पाएँ । जवारलाल नेहरू विश्वविद्यालय पिएचडी गरे । जब तपाईं यस्ता उत्कृष्ट संस्थामा जानुहुन्छ, तपाईंको भेट ठूला मानिससँग हुन्छ, तपाईंको दृष्टि फराकिलो हुन्छ", झा सुनाउनुहुन्छ ।

उहाँले दिल्ली विश्वविद्यालय हंसराज कलेजबाट स्नातक र कुरुक्षेत्र विश्वविद्यालयबाट गणित विषयमा एमएससी पास गर्नुभयो । सन् १९७९ देखि १९८४ सम्म जवाहरलाल नेहरू विश्वविद्यालयमा कम्युटर विज्ञानको शोधकर्ताका रूपमा काम गर्नुभयो र पिएचडी उपाधि हासिल गर्नुभयो । त्यसपछि उहाँको यात्रा, फ्रान्स, सिङ्गापुर, अष्ट्रेलिया हुँदै क्यानडातर्फ मोडियो ।

उद्यमामा कसरी मिल्यो सफलता ? उहाँ भन्नुहुन्छ, "यसको जवाफ म धेरै बुद्धिमान भएर होइन, तर सही वातावरण र परिस्थिति पाएर हो । मानिसहरू प्रायः यो कुरा राम्रोसँग बुझ्दैनन् । तपाईंको सफलता केवल तपाईंको कारणले होइन । यो त सामाजिक परिस्थिति कस्तो छ त्यसमा निर्भर गर्छ ।

पिएचडीपछि झाले सिङ्गापुरमा पाँच वर्षसम्म एक अमेरिकी कम्पनीको परामर्शदाताको रूपमा काम गर्नुभयो । त्यहाँको नेशनल युनिभर्सिटी अफ सिङ्गापुरमा उहाँले 'भिजिटिङ फ्याकल्टी'का रूपमा कम्प्युटर साइन्स पढाउनुहुन्थ्यो । सिङ्गापुरमै हुँदा उहाँले क्यानडाको स्थायी बसोबासका लागि आवेदन दिनुभयो र तीन महिनामा नै अनुमति आयो ।

क्यानडा पुगेको दुई महिनामा झा एक कम्पनीमा निर्देशकका रूपमा नियुक्त हुनुभयो । दुई वर्षमै त्यही कम्पनीको जनरल म्यानेजर हुनुभयो । करिब पाँच वर्षपछि उहाँले त्यो कम्पनी छोड्नुभयो ।

एक हजार डलर लगानी गरेर आफ्नै कम्पनी खोल्नुभयो - आइसोपिया इन्क । करिब अढाइ वर्षपछि त्यो कम्पनी १० करोड अमेरिकी डलरमा बिक्री भयो । 'आइसोपिया इन्क' क्यानडाको ऐतिहासिक सफल स्टार्टअपको रूपमा गनिन्छ । यसलाई सन् २००१ मा अमेरिकी प्रविधि कम्पनी सन माइक्रोसिस्टम इन्कले खरिद गरेको थियो ।

अरूले जहाँ असफलता देख्छन्, झाले त्यहीँ अवसर देख्नुभयो । कसैले उहाँलाई टोरोन्टोमा क्याडबरीको चकलेट कारखाना बन्द हुँदैछ भनेर सुनाए । पचास वर्ष पुरानो त्यो कारखाना घाटामा थियो । जसकारण क्याडबरीले बन्द गर्दै थियो । त्यतिबेला झाले सोच्नुभयो, "म किन्छु ।" तर उहाँका साथीहरूले भने, "तिमी कसरी चलाउँछौं ? क्याडबरी नै बन्द गर्दैछ । तिमीले कसरी नाफामा लैजाने ?"झाको जवाफ थियो, "म चतुर छु, विश्वासी छु । म सक्छु ।"त्यो कम्पनी खरिद गरेको एक वर्षमै नाफामा आयो । साढे दुई वर्षपछि त्यो कारखाना बिक्री गरिदिए । त्यो सन् २००७ देखि २०१० तिरको हो ।

त्यसपछि वासिङ्टन डिसीको सफ्टवेयर कम्पनी डिजी मार्केटमा झाको दृष्टि पर्‍यो । त्यो कम्पनी विश्व बैंकको लगानीमा चलेको थियो तर बन्द हुने अवस्थामा थियो ।

डिजी मार्केट किन्दैगर्दा उहाँलाई लागेको थियो, "यो कम्पनीबाट म १० करोड डलर वा सायद एक अर्ब पनि कमाउन सक्छु, वा केही नकमाउन पनि सक्छु । तर एउटा क्षेत्रमा त हात हाल्नै पर्छ", उहाँले त्यो क्षेत्र रोज्नुभयो ।

झाले 'पोआ एजुकेसन फाउन्डेसन' मार्फत धेरै परोपकारी र समाजसेवी काम गरिरहेका छन् । यसै फाउन्डेसनले झाको पहलमा सन् २००४ मा स्थापना भएको 'नेपाल लाइब्रेरी फाउन्डेसन' मार्फत नेपालमा पुस्तकालयको प्रवर्द्धन र विशेषगरी इन्टरनेट नपुगेका ठाउँहरूमा विद्युतीय पुस्तकालय स्थापना गर्ने महत्त्वपूर्ण काम गर्यो । त्यसरी नै २०२० तिर काठमाडौंका १० वटा विद्यालयमा कम्प्युटर वितरण गर्ने अभियानमा पनि झाले सहकार्य गरेका थिए ।

यस्ता परोपकारी र सामाजिक योगदानका कारण झालाई थुप्रै सम्मान र उपाधि प्राप्त भए । उहाँले सन् २०१२ मा क्यानडाको सबैभन्दा ठूलो नागरिक सम्मान 'अर्डर अफ क्यानडा' पाउनुभयो । त्यस्तै, सन् २००९ मा टोरन्टो मेट्रोपोलिसन विश्वविद्यालयबाटमानार्थविद्यावारिधी पाउनुभयो । त्यसबाहेक टोरन्टो विश्वविद्यालयको स्कुल अफ बिजनेसमा ७२ मिलियन डलर बराबरको पुँजी सङ्कलन अभियान तथा युनिसेफ क्यानडाका विभिन्न अभियानमा समेत झाको उल्लेखनीय भूमिका रह्यो ।

स्वभाविक प्रश्न थियो- यी सबै अनुभव संगालेको व्यक्तिको जीवनमा कस्ता उतार चढाव भए होलान् ?"

"धेरै उतारचढाव भए । म विभिन्न बिजनेस स्कुलहरूमा बोल्न जान्छु । त्यहाँ म आफ्ना अनुभव सुनाउँछु । एउटा साँचो कुरा के भने मलाई 'सफल' भन्ने शब्द खासै मन पर्दैन । किनभने हाम्रो जीवनमा सफलताभन्दा धेरै असफलता हुन्छ", उहाँ भन्नुहुन्छ, "प्रायः सबै मानिसको जीवनमा यस्तै हुन्छ । रासस


## घर भाडामा

(१) जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, मुरली चौक निर्वाचन कार्यालय अगाडी पुर्व मुख मौहरा भएका दुई तल्ले घरको भुइ तल्लामा ९ वटा कोठा ग्यारेज र ३ वटा स्नान घर शौचालय भएको कम्पाउण्ड वाल भएको जमीन ढलान रहेको दुई र चार पाङ्ग्रे सवारी साधन राख्ने पार्किङ्ग सुविधा सहित बिजुली र पानीको छुट्टै व्यवस्था समेत रहेको घर बहालमा रहेको छ ।

(२) जनकपुरधाम उ.म.न.पा. वडा नं. १८ महुवाको टावर निर हरलाखी जाने बाटो तर्फ १०० मी. दुरीमा ५ कठ्ठा १० धुरमा दुवै तर्फ कम्पाउण्ड वाल भएको र उत्तर तर्फ १३ फिट सडकमै १३ वटा कोठा मंदिर समेत अति सुविधा सम्पन्न भएको घर बहालमा रहेकोछ ।

उपरोक्त घरहरुमा विद्यालय, नर्सिङ्ग होम, सरकारी कार्यालय र ट्रेनिङ्ग सेन्टरको लागि उपयुक्त रहेको हुनाले घर भाडामा लिन इच्छुक महानुभावहरुले तलको सम्पर्क नं. मा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**सम्पर्क नं. ९७४४२०६०५५**


## मिथिला बिहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**तारापट्टी, धनुषा**
**मधेश प्रदेश, नेपाल**


## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।२०**

यस गाउँपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# वर्षाले किसानलाई राहत

लामो समयपछि तराई मधेशमा परेको मध्यम वर्षाले किसानलाई राहत भएको छ। धान रोपाइँ गर्न नसकेका किसानहरु धमाधम खेतमा धान रोप्न थालेका छन्। रोपाइँ गरिसकेका किसानका लागि वर्षा अमृत भएको छ। धान खेतमा धाँजा फाटेको थियो। रोपेको धान जल्न थालेको थियो। किसानले डिप बोरिंग अथवा स्यालो ट्यूबवेलले महँगो सिँचाई गरेर धानलाई जिवित राखिरहेको थियो।बिहान र बेलुका नै किसान खेतको आलीमा पुगेर आँखाबाट आँशु झार्दै फर्किने गरेका थिए। धान खेतको अवस्था हेरि नसक्नु भएको थियो। असार साउन महिनामा खेतमा पानी, हरियो धान र आलीमा हरियो रहर हेर्दा हर्षित हुने किसान वर्षा नहुँदा मर्न लागेको धान, बाँझो आली र धुलो उडिरहेको खेत हेरेर रुने गरेका थिए। केही दिनदेखि तराई मधेशमा मध्यम वर्षा भइरहेको छ। यो वर्षाले किसानलाई ठूलो राहत पुगेको छ। महँगो भूमिगत सिचाईंबाट खेत रोपाइँ गरेका किसानको लागि वर्षाले ठूलो राहत पुऱ्याएको छ। तराई मधेशमा अकाल परेको थियो। सरकारले सुख्खाग्रस्त घोषणा गरे पनि किसानलाई तत्काल राहत हुने काम गरेको थिएन। सरकारी गोदाममा प्रयाप्त मलखाद रहेको दाबी गर्ने सरकारले किसानलाई उपलब्ध गराइरहेको छैन। मलखादका लागि किसान छटपटिएका छन्। रोपाइँ भइसकेको खेतमा पानी परेपछि युरिया मल हाल्न ढिला हुन थालेको छ। रोपाइँ भइरहेको खेतमा डीएपी मल चाहिने भए पनि सरकारले किसानलाई सहज रुपमा उपलब्ध गराउन सकेको छैन। किसानले भारतीय सीमावर्ती क्षेत्रबाट मल ल्याउन बाध्य भएका छन्। प्रकृतिले किसानलाई ठूलो धोका दिएको थियो। धेरै ढिला गरी वर्षा भए पनि किसानले धान लगाउन हतार गरेका छन्। वर्षा फेरि रोकिए धान रोपाइँ समेत रोकिन सक्छ। किसानलाई अहिले रोपाइँको चाप छ। सरकारले मलखाद उपलब्ध गराइदिए धेरै सहज हुनेछ। भूमिगत सिचाई किसानका लागि बाध्यता हो। धान खेतीका लागि वर्षाको पानी अथवा सतह सिचाइँ भए मात्र राहत हुन सक्छ। अत्यन्त कठिन परिस्थितिमा भूमिगत सिचाईंको प्रयोग गर्न किसान चाहन्छन्। तराई मधेश नेपालको अन्न भण्डार मानिन्छ। तराई मधेशमा धानको उत्पादन कम भए जीडीपीमा समेत त्यसको प्रभाव पर्नेछ। धान रोपाईमा धेरै ढिलाई भए पनि किसानहरुले कडा मिहिनेत गरी उब्जनी बढाउने प्रयासमा जुटेका छन्। नेपालको विभिन्न भागमा भारी वर्षाले जनधनको क्षति गरे पनि मधेश प्रदेशमा भइरहेको मध्यम वर्षाले किसानहरुका लागि वरदान सावित भएको छ। भारी वर्षाले खेतको आली समेत बगाउने भएकाले धान रोपाइँमा समस्या पुग्ने थियो।

ज्ञान शृङ्खला :

# राज्यको उत्पत्ति : मिथकीय धारणाको तुलनात्मक समीक्षा



रोशन जनकपुरी

मार्क्सवादी विचारले वर्गसंघर्षलाई इतिहासको चालकशक्ति भन्छ। वर्गसंघर्ष भनेको शोषित बहुसङ्ख्यक श्रमिकवर्ग र शासक सम्पन्नवर्ग बिच उत्पादनमा स्वामित्वको निम्ति बहुआयामिक संघर्ष हो।

घुमन्ते मानिसहरु स्थिर भएपछि शुरु भएको उत्पादन (कृषि सामग्री)माथी वर्चस्वको संघर्षले सामाजिक असमानता तथा वर्गहरुको विकास भयो। उत्पादनका साधनहरुको विकास भएपछि वर्गसंघर्षको उद्देश्यमा उत्पादनसँगै उत्पादनको साधनमाथीको वर्चस्वपनि थपियो। यससँगै समाज, धर्म, ईश्वर, राज्य, वर्ण, जाति, उपजाति, राष्ट्र आदि जन्मिए। सामाजिक मानवको ज्ञान र प्रविधिको विकास र निपुणताको क्रमसँगै वर्गसंघर्षका रुपहरु पनि फेरिए। वर्गसंघर्षको यिनै निरन्तरतामा वर्गप्रभूत्वको साधनको रुपमा राज्यसत्ता जन्मिएको हो।

धर्म प्राचीन समाजको कानून हो, जसलाई पुराना धार्मिक ऋषि र धर्माचार्यहरुले निर्माण गरे, व्याख्या गरे, विविध मिथककथा र प्रतीकहरुको माध्यमबाट पुष्टि गरे, पुरोहितहरुले यसलाई विविध धार्मिक कार्य र संस्कारकर्म (पूजापाठ, परम्परागत धर्मानुष्ठान र पितृकर्म) गराएर समाजमा यसलाई लागु गराए, र राज्यसत्ता (शासक)ले सबैको संरक्षकको भूमिका खेल्यो। राज्यसत्ताले यसो गर्नुको कारण, धर्म (प्राचीन कानुन)ले उसलाई सबैभन्दा माथी राख्नु र, धर्म र शासनको श्रेष्ठता स्वीकार्न समाजलाई नैतिक र व्यावहारिक दुवैरुपमा बाध्य पार्नु थियो। राज्यसत्ता वा राजा वा शासक, 'धर्म स्थापनार्थ' ईश्वरको प्रतिनिधिको रुपमा व्याख्यायित थिए। तर यथार्थमा, यो सबै गोरखधन्दा उत्पादनको मूख्य कारकशक्ति श्रमजीवि वर्गको श्रम र उत्पादनलाई राजा वा शासक र उसका हितकारी वर्ग (धर्माधिकारी, पुरोहित, सेनापति, र राज्यसत्ताका अन्य अङ्गका अधिकारीहरु)को निम्ति लाभकारी बनाउने प्रक्रिया थियो। यसबाट के बुझ्न सजिलो छ भने राज्यसत्ताको चरित्र शुरुदखि नै वर्गीय हो। जुन वर्गको सत्ता हुन्छ, समग्र राज्यसत्ता र सामाजिक संरचनामा उसैको प्रभूत्व हुन्छ।

यस बारे मार्क्सवादी दार्शनिक र राजनीतिक अर्थशास्त्रीय विचारपद्धतिमा समाज विकासको विश्वइतिहास तथा सामाजिकताको आलोचनात्मक समीक्षाको क्रममा पर्याप्त लेखिएको छ। राज्यसत्ताको यसै वर्गचरित्रको विशिष्टताको कारण कार्ल मार्क्स र उनीपछिका मार्गदर्शकहरुले सर्वहारा श्रमजीविवर्गले राज्यसत्तामाथी कब्जा नगरेसम्म र आफू अनुकूलको राजनीतिक संरचना निर्माण न गरेसम्म उत्पीडित वर्ग र समुदायको मुक्ति सम्भव न हुने राजनीतिक निष्कर्षमा पुगे। र, यसै कारण इतिहासमा निर्मित र विकसित (वर्तमानमा समेत) श्रमिकविरोधी सबै राज्यसत्ताले वर्गसंघर्षको विरोध गर्छन्, र वर्गसमन्वयलाई मानवीय चरित्रको रुपमा व्याख्या गर्छन्।

राज्यसत्ताको उत्पत्ति बारे फ्रेडरिक एङ्गेल्सको 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' नामक प्रसिद्ध पुस्तक अहिलेपनि सान्दर्भिक छ। एङ्गेल्सका अनुसार समाजमा भएका वर्गहरुको स्वार्थ जब आपसमा अन्तर्विराधी हुनथाल्छ, समाज आफ्नो समस्याहरु आफै हल गर्न असमर्थ हुन्छ, अनि उसले आफैभित्रबाट एउटा सर्वाधिकार सम्पन्न निकायको सृजना गर्छ, जसलाई 'राज्य' भनिन्छ। 'राज्य यस तथ्यको स्वीकृति हो कि समाज आफै हल नहुने अन्तर्विरोधमा फँसेको छ।' तर राज्यको चरित्र आफैमा वर्गीय हुने भएकोले राज्यले प्रकारान्तरमा 'आफूलाई समाजभन्दा माथी राख्छ, र समाजबाट टाढिँदै जान्छ'। राज्यसत्ता र सामाजिक वर्गहरु बिच बढदो यस्तै वैमनस्यहरु विविध नयाँ विद्रोह, क्रान्ति र राज्यसत्ता परिवर्तनको कारण बन्छन्।

नेपाल र भारतमा, अहिले कयौँ अतीतमुखी राष्ट्रवादी र धार्मिक विद्वान र नेताहरु छन्, जस्ले समाज र राज्यसत्ताको विकास बारे वर्गसघर्षको मार्क्सवादी अवधारणाहरुलाई युरोपेली समाज अनुकूल तथा दक्षिण एसियाली समाज बारे थाहा नपाएको राजनीतिक नेताहरुको विचारको रुपमा प्रचार गरिरहेका छन्। तर यथार्थ त्यसो होइन। सामाजिक विकासको इतिहासमा कतै पहिले त कतै पछि, राज्यसत्ताको विकासको प्रक्रिया संसार भरी प्रायः यसरी नै भएको हो। दक्षिण एसियामा पनि राज्यसत्ताको विकास यस्तै प्रक्रियामा भएको हो।

आउनुस सबैभन्दा पहिले राज्यसत्ताको उत्पत्तिबारे मार्क्सवादी विचारकहरुको कुरा बुझौँ, र त्यसपछि हाम्रो प्राचीन शास्त्रीय ग्रन्थहरुको उद्धरणबाट यस्को संक्षिप्त तुलना गरौँ :

मार्क्सवादको प्रसिद्ध विचारक तथा क्रान्तिकारी राजनीतिज्ञ लेनिनले आफ्नो प्रसिद्ध कृति 'राज्य र क्रान्ति'मा राज्यको उत्पत्ति, सशस्त्रधारी समूहमा विकास र समाजभन्दा माथीको यसको वर्गचरित्र बारे एङ्गेल्सको धारणाहरुलाई सुन्दरतापूर्वक उद्धृत गरेका छन्। लेनिन लेख्छन् : "...जसलाई राज्य भनिन्छ, (र) जो समाजबाट जन्मेको छ, तर आफूलाई त्यस (समाज)भन्दा माथी राख्छ र समाजबाट टाढिँदै जान्छ। यो शक्ति मूख्यतया केमा निहित छ ? यो जेल आदिलाई आफ्नो क्षेत्रमा राख्ने हतियारधारी मानिसहरुको विशेष जत्थाहरुमा निहित हुन्छ।"

पूँजीवादी संरक्षणमा विकसित राज्यसत्ता जस्ले आफूलाई समाजभन्दा माथी राखेका छ, त्यसलाई त लेनिनले 'समाजभन्दा माथी रहेको र आफ्नै पहलमा काम गर्ने हतियारधारी ग्याङ्ग' सम्म भन्न चुक्दैनन्।

राज्यसत्ताको उत्पत्ति र चरित्र बारे ईश्वरीय धारणाको विपरीत यो मार्क्सवादी धारणा के दक्षिण एसियाली शास्त्रसम्मत धारणाबाट भिन्न धारणा हो ? तथ्य यसको विपरीत छ। आउनुस दक्षिण एसियाको अतीतबारे उपनिषद्, स्मृति, पुराण, महाभारतादि र बौद्ध जातकहरुमा उल्लेखित केही तथ्यहरु हेरौँ :

'महाभारत'को शान्तिपर्व अनुसार प्राकृतिक अवस्थाको आरम्भिक चरणमा राज्य नामक संस्था थिएन, मानिसहरु आफै एक अर्काको रक्षा गर्थे। (न राज्यं न च राजासीत् न दण्डो न च दाण्डिकः। स्वयमेव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम् ॥) तर सामाजिक जटिलता तथा स्वार्थहरु एक आपसमा जुध्दा समस्याहरु उत्पन्न हुनथाल्यो। 'वायुपुराण' भनिएको छ, ब्रह्माले वर्णाश्रम स्थापित गरे, तर मानिसहरु स्वधर्म पालन गर्नुको साटो आपसमा लडन थाले। त्यसपछि मानिसहरु मनुकहाँ गए। मनुले प्रियव्रत र उत्तानपाद नामक दुईवटा राजाहरुलाई उत्पन्न गरे (वा राजा घोषित गरे)। दण्ड बिना अराजकता रोक्नु सम्भव थिएन। त्यसैले त्यतिबेला देखि नै राजाहरु दण्डधारी हुन थाले। दण्डको अर्थ हुन्छ लट्ठी अर्थात् शक्ति।

त्यसरी नै ऐतरेय ब्राह्मणमा आर्यहरुमा राजाको चयनसम्बन्धी एउटा प्रसङ्ग छ : देवासुर संग्राममा असुरहरु विजयी हुँदै थिए। सुरहरुले यस पराजयको कारण उनीहरुसँग राजा न हुनुलाई माने र राजा बनाउने निश्चय गरे। यसपछि सुरहरुले सोमलाई आफ्नो पहिलो राजा घोषित गरे।

राज्य निर्माणको प्रक्रिया बारे बृहदारण्यक उपनिषद् मा राज्य निर्माणको प्रक्रिया बारे रोचक वर्णन पाइन्छ। यस अनुसार, 'आदिकालमा एकमात्र ब्रह्म थियो। एक्लो भएको कारण ब्रह्म विभूतियुक्त (महत्वपूर्ण) कार्य गर्न असमर्थ थियो। त्यसैले उसले क्षत्र (राज्य)को निर्माण गऱ्यो। फेरी उसले देवताहरुको राजा इन्द्र, जलचरहरुको राजा वरुण, रोगहरुको राजा मृत्यु, पशुहरुको राजा रुद्र, वर्षाहरुको राजा पर्जन्य, पितरहरुको राजा यम, प्रकाशहरुको राजा ईशान इत्यादिको सृजन गऱ्यो।'

शतपथ ब्राह्मण ले त राज्यको निर्माणमा शासक र समाज बीचको सम्झौता समेतको चर्चा गर्छ, जस्ले ईसाको अठारौँ शताब्दीको युरोपेली राजनीतिक दार्शनिक जिन ज्याक रुसोको राज्यसत्ताको निर्माण सम्बन्धी 'सामाजिक सम्झौताको सिद्धान्त (सोसल कन्ट्र्याक्ट थ्योरी)को सम्झना गराउँछ। शतपथ ब्राह्मण मा लेखिएको छ : 'मानिसहरुमा धन सम्पदा र स्त्रीहरुलाई बलपूर्वक हरण गर्ने प्रवृत्ति शुरुपछि देवताहरुले लोकको संरक्षणको निम्ति राजाहरुको सृजन गरे। अराजक अवस्थामा परिवार र सम्पत्तिको सुरक्षा सम्भव थिएन। अतः मानिसहरुले राजाको खोजी गरे र उस्ले प्रजाको धनसम्पत्ति र स्त्रीहरुको रक्षा गरेमा यस वापत राजालाई आफ्नो सम्पत्तिको केही भाग दिने भनेर ऊसँग एक किसिमको अनुबन्ध गरे।' यसैलाई प्रतिबिम्बित गर्दै यजुर्वेदमा राज्याभिषेकको बेला पुरोहितले राजालाई सम्बोधित गर्दै भन्छ –"हे प्रस्तावित राजन, म कृषिको विकासको निम्ति, धम ऐश्वर्यको निम्ति, जनकल्याणको निम्ति र सबैको पोषणको निम्ति तिम्रो अभिषेक गर्छु।"

> राजाको चयन सम्बन्धमा श्रीमद्भागवत पुराणमा रोचक प्रसङ्ग छ, जस्ले राजाको द्रव्यपिशाची चरित्रलाई प्रकट गर्छ। यस अनुसार ब्रम्हाले विवस्वानको पुत्र मनु वैवस्वतलाई शासन समाल्न भने, उनले दुष्ट र झुठा मानिसहरुमाथी शासन गर्न कठिन कार्य हुने भनेर अस्वीकार गरे। तर राजाको पद ग्रहण गरेमा आफूहरुले आफ्नो आधी पशुधन, आधी स्वर्णधन र अन्नको दशम् भाग बलि (कर)को रुपमा दिने भनेर प्रजाजनले कबोल गरेपछि मनु वैवस्वतले राजपद स्वीकार गरे। बाल्मीकिले मनुलाई प्रथम राजा भनेका छन्। (आदिराजो मनुरिव प्रजानां परिरक्षिता। प्रथम राजा मनु झैँ उनले प्रजाको रक्षा गरे)। कौटिल्यले पनि अर्थशास्त्रमा मनु वैवस्वतलाई नै प्रथम राजा मानेका छन्।

राजाको चयन सम्बन्धमा श्रीमद्भागवत पुराणमा रोचक प्रसङ्ग छ, जस्ले राजाको द्रव्यपिशाची चरित्रलाई प्रकट गर्छ। यस अनुसार ब्रम्हाले विवस्वानको पुत्र मनु वैवस्वतलाई शासन समाल्न भने, उनले दुष्ट र झुठा मानिसहरुमाथी शासन गर्न कठिन कार्य हुने भनेर अस्वीकार गरे। तर राजाको पद ग्रहण गरेमा आफूहरुले आफ्नो आधी पशुधन, आधी स्वर्णधन र अन्नको दशम् भाग बलि (कर)को रुपमा दिने भनेर प्रजाजनले कबोल गरेपछि मनु वैवस्वतले राजपद स्वीकार गरे। बाल्मीकिले मनुलाई प्रथम राजा भनेका छन्। (आदिराजो मनुरिव प्रजानां परिरक्षिता। प्रथम राजा मनु झैँ उनले प्रजाको रक्षा गरे)। कौटिल्यले पनि अर्थशास्त्रमा मनु वैवस्वतलाई नै प्रथम राजा मानेका छन्।

तर शतपथ ब्राह्मण, श्रीमद्भागवत् र विष्णुपुराणमा फरक प्रसङ्गहरुमा पृथुलाई प्रथम आनुश्रुतिक राजा भनिएको छ। एघारौँ शताब्दीमा परमार राजा भोजदेव लिखित 'समरांगण सूत्रधार' नामक वास्तुशास्त्रको संस्कृत ग्रन्थमा लेखिएको छ : 'आफ्ना राज्याभिषेकको बखत प्रथम राजा पृथुले घोषणा गरे कि "म स्वधर्म, वर्णधर्म र आश्रमधर्मको स्थापना गर्नेछु र राजदण्डले उनीहरुलाई कार्यान्वित गर्नेछु।" ' प्राचीन ग्रन्थहरुमा उल्लेख भए अनुसार प्रथम आनुश्रुतिक राजा पृथुको नाममा नै यस धर्तीलाई 'पृथ्वी' भन्न थालियो।

राज्यको उत्पत्ति, राज्यसत्ता तथा शासन प्रमुखको निर्माणादि विषयमा वैदिक, बौद्ध र जैन आदि प्राचीन शास्त्रीय ग्रन्थहरुमा यस्ता अनेकौँ प्रसङ्गहरु उल्लेख गरिएको छन्। तर ती सबै यिनै प्रसङ्गहरुको सेरोफेरोमा छन्।

निश्चय प्राचीन वेद, उपनिषद्, र पुराणादिमा वर्णित पात्र र प्रसङ्गहरु इतिहास होइन, मिथक आख्यानहरु हुन्। यिनमा पूर्णतः विश्वास गर्न सकिँदैन। तर यी ग्रन्थहरुमा वर्णित सामाजिक परिवेशमा ऐतिहासिक तथ्यहरुको झल्को अवश्य अनुभूत गर्न सकिन्छ। यी वर्णनहरुले तत्कालीन समाजको जटिल मनोविज्ञान र सामाजिक अन्तर्विरोधहरु बुझ्न मद्दत गर्छ।

प्राचीन ग्रन्थबाट उद्धृत यी प्रसङ्गहरुले निम्न निष्कर्षको रुपमा मार्क्सवादी बुझाइहरुलाई पुष्टि गर्छ : सामाजिक समस्याको समाधान गर्न सामाजिक निर्णयबाट नै राज्यको उत्पत्ति भएको ; राज्यसत्ता तथा शासकको चरित्र वर्गीय हुन्छ ; देश, काल र परिस्थितिका आ-आफ्नै परिवेश भएपनि देर सबेर विश्वभरीका राज्यसत्ताको उत्पत्ति प्रायः समानखाले अन्तर्विरोध र प्रक्रियाबाट भएको हो ; र, विश्वभरीका प्रायः सबैखाले राज्यसत्ता वर्गीय प्रभूत्वको हतियार हो, जो वर्तमानमा उसलाई अनुमोदित गर्ने समाजभन्दा माथी सशस्त्र बलमा र आफ्नै पहलमा शासन गर्छ र विशिष्ट वर्ग बन्छ।

सरल अर्थमा सबै प्रकारका सत्ताहरु शोषणकै हतियार हुन्। फरक कति हो भने सर्वहारावादी समाजवादी सत्ता बहुसंख्यक श्रमजीवि समुदायको हुन्छ, भने पूँजीवादी सत्ता अल्पसंख्यक पूँजीपति र अभिजात्यवर्गको हुन्छ। यसै कारण मार्क्सले सामाजिक राजनीतिक अन्तर्विरोधको समाधानको निम्ति सबै प्रकारका शोषणहरुको समाप्ति, वर्गहरुको लोप र मानवीय विवेकयुक्त अन्तः प्रज्ञाबाट सञ्चालित संघबद्ध साम्यवादको परिकल्पना प्रस्तुत गरेका थिए। उनले सामाजिक विकासको यो परिकल्पित उच्चतम् रुप साम्यवाद, सर्वहारावादी समाजवादबाट मात्र संक्रमित हुने तथ्यपूर्ण राजनीतिक अर्थशास्त्रीय कार्यक्रम प्रस्तुत गरेका थिए। मार्क्सको यो दर्शन्, राजनीतिक अर्थशास्त्र तथा वैज्ञानिक समाजवादका यी अवधारणाहरु समग्र मानव इतिहासको सामान्य समालोचनाबाट विकसित भएको हो। दक्षिण एसियाली राष्ट्रवादी, धार्मिक र पूँजीवादी आलोचकहरुले मार्क्सका निष्कर्षहरु दक्षिण एसियाली सामाजिकतासँग मेल नखाने भन्छन्। यसको एउटै कारण हो, पुरातन समाज र सँस्कृति, जस्ले धनी र अभिजात्यवर्गीय समाज र सत्ताको वकालत र संरक्षण गर्छ, मार्क्सवाद, त्यसको विपरीत आधुनिक समानताको चेतनामा आधारित श्रमिकवर्गीय राजनीतिक सत्ताको पक्षधर समाजवादी सत्ताको पक्षमा उभिन्छ। इतिहासमा सँधै सामाजिक संरचनाको सबैभन्दा तल्लो श्रेणीमा बसेका श्रमजीविवर्गको सत्ता, पूँजीपति र अभिजात्यवर्गलाई कसरी सहन हुनसक्छ ? तर मार्क्सवादी अवधारणाको सार्वभौमिकता र वैज्ञानिकतालाई, राज्य र सत्ताको उत्पत्ति बारे दक्षिण एसियाली प्राचीन ग्रन्थहरुका वर्णनहरुले पनि पुष्टि गर्छ। मार्क्सवादी निष्कर्षहरु दक्षिण एसियाली परिवेशमा अमिल्दो भएका भन्नेहरु कि त पूँजीवादी पक्षधर हुन, कि उनीहरुलाई दक्षिण एसियाका प्राचीन ग्रन्थको अध्ययन पुगेको छैन। वस्तुतः हाम्रा शास्त्र, पुराण र प्राचीन ग्रन्थहरुको ऐतिहासिक भौतिकवादी अध्ययन आवश्यक छ, जस्मा तत्कालीन समाजको अन्तर्विरोध, द्वन्द्व र समन्वयको गतिशील चक्रको बयान संरक्षित छ। यसको निम्ति भक्तदृष्टि होइन, विवेकसम्मत, तथ्यसम्मत तार्किक ज्ञान आवश्यक पर्छ।

# विश्व स्तनपान सप्ताह स्तनपान आमाको कर्तव्य तथा शिशुको अधिकार



डा प्रकाश बुढाथोकी

विश्वमा प्रत्येक वर्ष अगष्ट १ देखि ७ सम्मलाई विश्व स्तनपान सप्ताहको रुपमा मनाउने गरिन्छ। नेपालमा पनि केही वर्षदेखि यसलाई विभिन्न जनचेतनामूलक कार्यक्रमको रुपमा मनाउन सुरु गरिएको छ। अहिले पनि हाम्रो समाजमा स्तनपान गराउँदा दुख्छ, स्तनको मुख ठूलो हुन्छ, स्तनपान गराउँदा कुनै औषधि सेवन गर्नु हुँदैन, स्तनपान गराउनुअघि सादा खाना खानुपर्छ, मसला भएको खाना बार्नुपर्छ, स्तनपान गराएपछि बच्चालाई कहिल्यै पाउडर दूध दिनु हुँदैन, बिरामी भएको बेला स्तनपान गराउन हुँदैन भन्ने जस्ता अनेक भ्रमहरु रहेको पाइन्छ। विश्व स्वास्थ्य सङ्गठनका विभिन्न अध्ययनहरुले राम्रोसँग आमाको दूध पाएका बच्चाहरुको तुलनामा दूध चुस्न नपाएका बच्चाहरुको आफ्नो पहिलो वार्षिक जन्मदिनअघि नै मृत्यु हुने जोखिम १४ गुणा बढी हुने जनाएको छ।

विश्वभर हरेक वर्ष हुने बालमृत्युको १६ प्रतिशत पर्याप्त स्तनपान नगराएका कारण हुने युनिसेफले जनाएको छ। पूर्ण स्तनपानले विश्वभर हरेक वर्ष छ वर्षमुनिको सम्भावित मृत्युलाई १३ प्रतिशतले, जन्मेको पहिलो घण्टाभित्र गराइने स्तनपानसँगै पूर्ण स्तनपानले नवजात शिशुको मृत्युलाई २२ प्रतिशतले घटाउन सक्छ भन्ने अध्यननले देखाएको छ। हरेक वर्ष विश्वभर करिब एक करोड ५० लाख शिशुहरु समय नपुगी जन्मन्छन् भने नेपालजस्ता निम्न, मध्यम आय भएका देशमा झण्डै ८१ हजार बच्चा समय नपुगी जन्मन्छन्। स्वास्थ्य संस्थामा बच्चा जन्माउनेको प्रतिशत सन् २०१६ मा ६४ प्रतिशत रहेकामा सन् २०२२ मा ७९ प्रतिशत पुगेको छ। शल्यक्रियापश्चात् पनि आमा र बच्चालाई फरक राखे काउन्सिलमा आचारसंहिता मानेर उजुरी लाग्छ। वार्षिक २२ देखि २४ हजार गर्भवतीमध्ये ३५ प्रतिशतले शल्यक्रियाबाट बच्चा जन्माएका हुन्छन्।

अस्ट्रेलियाका सिनेटर लरिसा वाटर्स संसदमा स्तनपान गराई चर्चामा आउने पहिलो राजनीतिज्ञ बनिन्। अमेरिकी मोडेल मारा मार्टिनले स्विमसुटका लागि पाँच महिने छोरी आरियालाई स्नपान गराउँदै रनवेमा त्याम्प वाक गरिन्। क्यानाडामा एक महिला सांसदले संसद् बैठकमा कुर्सीमै बसेर स्तनपान गराएको, अष्ट्रेलियामा एक सांसदले संसद् बैठकमा बच्चालाई दूध चुसाउँदै उठेर भाषण गरेको, आइसल्याण्डमा महिला सांसदले स्तनपान गराउँदै रोष्ट्रममा गई सम्बोधन गरेको समाचारले निकै चर्चा पाए। स्पेनकी क्यारोलिना बेस्कान्स्का, अर्जेन्टिनाकी भिक्टोरिया डोना पेरेज, बेलायतकी एन्लेलिजडोडस तथा इटालीका लिसिया रोन्जुलीहरु यस्ता साहसिक नेतृ तथा जिम्मेवार आमा हुन्, जस्ले संसदमै स्तनपान गराएर एकसाथ मातृत्व र नेतृत्वको उदाहरण पेस गरेका छन्।

बट्टाको दूधमा शिशुलाई आवश्यक पर्ने पौष्टिक तत्व नहुने र प्रोटिनको मात्रा असन्तुलित हुने भएकाले आमाको दूधभन्दा २३ गुणाले बढी हानिकारक हुने गर्दछ। गाईभैँसीमा तेब्बर प्रोटिन रहने भएकाले पचाउन नसक्ने, एलर्जी हुन्छन्। दुईदेखि छ महिनामा बट्टाको दूध खुवाउँदा मृत्युको जोखिम १६ गुणा बढी हुन्छ। नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्यमा सन् २०१६ मा मातृ मृत्युदरप्रति एक लाख जीवित जन्ममा २३९ बाट सन् २०२२ मा १५१ र सन् २००१ मा प्रति एक हजारमा ३९ रहेको नवजात शिशु मृत्युदर सन् २०२२ मा २१ मा घटेको छ। यसमा देशभर रहेका दुई हजार आठ सय ४८ प्रसूति केन्द्रहरुको भूमिका रहेको छ।

**मिल्क बैंकको अवधारणा**

सन् १९०९ मा अष्ट्रियाको भियना शहरमा ह्युमन मिल्क बैंक अभियानको सुरुआत भएको हो। तत्पश्चात विभिन्न पश्चिमी देशमा यसको थालनी भएको देखिन्छ। सन् १९१९ मा अमेरिकाको बोस्टन सहरमा सन् १९४० मा बेलायत र सन् १९४७ मा ब्राजिलमा सुरु भयो। भारतमा भने सन् १९८९ मा थालनी भएको हो र हाल एक सय बढी मानव दूध बैंकहरु सञ्चालित छन्। हाल विश्वभर ५० भन्दा बढी देशमा छ सय बढी मानव दूध बैंकहरु सफल र दिगोरुपमा सञ्चालनमा छन्। नेपालमा २०७९ भदौ ३ परोपकार प्रसूति गृह थापाथलीमा मिल्क बैक स्थापना गरिएको छ। यस अस्पतालमा स्थापित पहिलो ह्युमन मिल्क बैंकलाई अमृत बैंकको रुपमा लिने गरिएको छ।

मिल्क बैक दुई वटा लेभलको हुन्छ, कम्प्रेहेन्सिभ ल्याक्टेसन म्यानेजमेन्ट सेन्टर र ल्याक्टेसन म्यानेजमेन्ट सेन्टर। प्रसूति गृहको सिएलएमसी भएकाले सङ्कलनसहित प्रशोधन, परीक्षण, भण्डारण, पास्चराइजेसनको सुविधा छ। आमाबाट ब्रेष्ट मिल्क पम्प–इलेक्ट्रिक वा मानिस आफैँले आमाको दूध सङ्कलन गरिन्छ। सङ्कलित दूधमा कुनै रोगब्याधी नभएको परीक्षणबाट सुनिश्चित गरी कल्चर गरेर पास्चराइजेसन गरी एक सय मिलिलिटरको बोतलमा राखिन्छ। उक्त बोतल माइनस २० डिगी सेल्सियसको डिप फ्रिजरमा छ महिनासम्म राख्न सकिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार आमाको दूधलाई



रेफ्रिजेरेटरमा १८ सेल्सियसमा कम्तिमा छदेखि १२ महिनासम्म, चार सेल्सियसमा चार दिनसम्म र सामान्यतया कोठाको तापक्रममा चारदेखि छ घण्टासम्म प्रयोग गर्न सकिन्छ।

दूध दान गर्ने आमाहरुको मुख्यतया एचआइभी, भेनेरल डिजिज–भिडिआरएल, हेपाटाइटिस बी र ए सरफेस एन्टिजेन परीक्षण अनिवार्य छ। आर्थिक वर्ष २०८१/८२ मा नौ सय ३१ आमाबाट पाँच सय ९४ लिटर जम्मा भई एक हजार एक सय ७९ शिशुलाई प्रदान गरेको छ। प्रसुती गृहकै एनआइसीयुका नवजातलाई पुगे पनि अन्य अस्पताल तथा आवश्यक शिशुलाई यथेष्ट उपलब्ध गराउन सकेको छैन। यसका लागि 'कम्युनिटी डोनेसन'को रणनीति कार्यान्वयन गर्नु आवश्यक छ।

**आमाको दूध : शिशुको अधिकार**

आमाको दूध शिशुको लागि पहिलो प्राकृतिक आहार हो, जसले शिशुलाई जीवनका सुरुका महिनाहरुमा चाहिने ऊर्जा र पोषण उपलब्ध गराई शिशुमा सिर्जनात्मक र ज्ञानेन्द्रीय क्षमता बढाउने, झाडापखाला, निमोनिया, कुपोषण जस्ता रोगबाट हुने शिशु मृत्युदर घटाउन प्रकृतिले सञ्चय गरिदिएको जीवन बुटी हो। आमाको शुरुको दूध १० दिनको बाक्लो, पहेलो र च्यापच्याप लाग्ने, वंशाणुगत, कोलोष्ट्रमसहितको बिगौती दूध हो। हानिकारक सङ्क्रामक जीवाणु र किटाणुलाई नष्ट पार्ने, सङ्क्रामक रोगसँग लड्न सक्ने तत्वहरु भएको, कार्बोहाइट्रेड, प्रोटिन, चिल्लो पदार्थको अलावा सबै पौष्टिक तत्वले भरिपूर्ण भएकाले बिगौती दूधलाई पहिलो खोप भनिन्छ।

स्वस्थ आमाको स्तनबाट दैनिक निस्कने दूधमा बच्चाको शारीरिक आवश्यकतानुसार शारीरिक र मस्तिष्क विकास गर्न जरुरत पर्ने सबै तत्व तथा एमिनो एसीड पाइन्छन्। समय सीमा र मात्रा नभएका, स्वच्छ, सुपाच्य, हानिकारक किटाणुको प्रवेश हुन नपाउने, प्राकृतिक तत्वनिहीत खाद्यपदार्थ हो। बोतलबाट दूध चुस्ने बच्चाको दाँत दुई गुणा बढी टेडोमेडो भएर उम्रिने सम्भावना रहन्छ। जन्मेपछि पहिलोपटक दूध चुसाउन दुईदेखि २३ घण्टासम्म ढिलो गर्दा शिशुको मृत्यु हुने जोखिम ३३ प्रतिशतले बढ्छ, जन्मेको दुई दिनसम्म पनि दूध चुस्न नपाउने बच्चामा यस्तो जोखिम दोब्बर हुन्छ। स्तनपान नगराएका बच्चाहरुमा स्तनपान गरेका बच्चाहरुमा एक वर्षभित्रै ज्यान गुमाउने जोखिम करिब २१ प्रतिशत बढी हुन्छ। स्तनपानबाट बच्चाको हालको मृत्यु २० प्रतिशतले कम गर्न सकिन्छ। स्तनपानको अभ्यासको सुधार भए वार्षिक आठ लाख ८२ हजार शिशुको ज्यान जोगिने तथ्याङ्कले देखाएको छ। छ महिनासम्म स्तनपान पाएका शिशुको ज्यान जोगिने सम्भावना १४ प्रतिशतले बढ्छ।

**स्तनपानबाट फाइदा**

आमाले गरेको भोजनबाट प्राप्त क्यालोरीमध्ये ६० प्रतिशत क्यालोरी मात्र दूधमा रुपान्तरण हुन्छ। त्यसैले दूध खुवाउने महिलाको भोजनमा दैनिक सात सयदेखि एक हजार मिलिग्राम क्याल्सियम अर्थात दुईदेखि आठ प्रतिशत बढी, सात सय क्यालोरी, २० ग्राम प्रोटिन अर्थात ७.२ ग्राम प्रोटिनका लागि १४.४ ग्राम, महिनावारी शुरु भएपछि थप लौहतत्व, भिटामीन ए, बी, सी, फोलिक एसिड पनि थप आवश्यक पर्छ।

स्तनपानले पाठेघर खुम्चाउन उत्तेजित पार्छ, सालनाल निक्लन, रोग लाग्न, रक्तश्राव बन्द गर्न र आमाको तनाव कम गर्छ। डिम्बासय, स्तन क्यान्सर २८ प्रतिशतले, पाठेघरको क्यान्सर २१ प्रतिशतले, टाइप-२ मधुमेह १२ प्रतिशतले, छालामा निखार, मोटोपना, हाड खिइने, रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि, सुत्केरीपश्चात्को डिप्रेसन, मुटुरोग, जीनमै उच्च रक्तचाप र उच्च कोलेस्टेरोलको समस्या भएकामा राहत, हर्मोन प्रोल्याक्टिन निस्कदा आमालाई आनन्द र ध्यान केन्द्रित गर्न मद्दत गर्दछ। नियमित स्तनपानले सौन्दर्य वृद्धि हुने गर्दछ किनभने सुत्केरी आमाको शरीर पहिलेको अवस्थामा फर्काउछ। बोसो क्रमशः घटाउँछ। पूर्ण स्तनपान गराउँदा प्रोजेष्ट्रोन हर्मोनको वृद्धिले गर्भ निरोधकको काम गर्छ र गर्भधारण ढिलो हुन्छ।

डब्बा तथा अन्य दूध खुवाउँदा हुने खर्चको आर्थिक भार तथा बिरामी भई उपचारमा लाग्ने खर्चको भार ५० प्रतिशत कम हुन्छ। स्तनपान नगराउँदा वार्षिक अनुमानित खर्च तीन सय खर्ब डलर छ। आमालाई स्तनपान गराउँदा आत्मियता, तनाव कम, भावनात्मक लगाव बढ्ने, सुखानुभूति, गौरब, मानसिक स्वस्थता र आत्मसन्तुष्टि प्रदान गर्दछ। तर स्तनपानलाई यौनिकतासँग जोड्नु गलत हो।

शिशुलाई स्तनपान गराउन नपाउने एकथरि आमाहरु प्राकृतिक कारणले स्तनपान गराउन असमर्थ हुन्छन्। उनीहरुको स्तनमा दूध फुट्दैन, फुटे पनि तुरुन्तै बन्द हुन्छ वा विशेष रोगी हुन्छन् भने अर्को सामाजिक कारणले पर्दछन्। बिरामी आमा जस्तै रक्तअल्पता, हिस्टेरिया, हृदयरोग, क्षयरोग, छारेरोग, एचआइभी, स्तनको मुण्टा चिरिएर घाउ भएका, घाउ पाकेर सङ्क्रमित भएका तथा केही औषधि खाइरहेकामा दूधबाट रोग सर्ने भएकाले स्तनपान नगराउन सक्छन्। यद्यपि अहिले क्षयरोग र एड्स सङ्क्रमित आमाले पनि स्तनपान गराउन सक्ने वैज्ञानिक प्रमाण देखिन्छ। स्तनपान गराउने आमाहरु यदि लागुपदार्थ सेवन गर्छन् भने त्यो दूधको माध्यमले बच्चासम्म पुग्छ र बच्चा लागुऔषधको अम्मली समेत हुन सक्छन्। धुम्रपान गर्ने आमाको एक मिलिलिटर दूधमा दुईदेखि २४० न्यानोग्राम निकोटिन हुन्छ। एचआइभी भएका महिलाले शिशुलाई स्तनपान गराउँदा एचआइभी सङ्क्रमणको खतरा २५ प्रतिशतले बढछ। तर आमा र बच्चाले एआरटी उपचार लिदा सङ्क्रमण हुने समभावना एक/दुई प्रतिशत हुन्छ।

# सार्वजनिक लेखा समितिको २३ औँ प्रतिवेदन स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकले सार्वजनिक लेखा समितिको २३ औँ प्रतिवेदन २०८२ सर्वसम्मत्तिले स्वीकृत गरेको छ ।

लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सोमबारको बैठकमा 'सार्वजनिक लेखा समितिको २३ औँ वार्षिक प्रतिवेदन, २०८२' लाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ को उपदफा (२) बमोजिम स्वीकृत गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

भूपरिवेष्ठित विकासशील राष्ट्रहरू (एलएलडिसी) को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा भाग लिन प्रधानमन्त्री केपी



शर्मा ओली आइतबार त्यसतर्फ जानुभएकोमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनीक कार्य उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सम्हाल्नुहुने जानकारीसहितको पत्र राष्ट्रपतिको कार्यालयबाट प्राप्त भएको सभामुख देवराज घिमिरेले बताउनुभयो ।

सोमबारको बैठकमा सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९' को सम्बन्धमा राष्ट्रपतिबाट प्राप्त सन्देशबारे सदनलाई जानकारी गराउनुभयो ।

उक्त विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिको कार्यालयमा पठाइएकोमा पुनः अध्ययन र विश्लेषण गर्न वाञ्छनीय भएको भन्दै राष्ट्रपतिबाट फिर्ता भएको पाण्डेयले बताउनुभयो ।

त्यसैगरी, सोमबारको बैठकमा प्रतिनिधिसभाका सचिव हर्कराई राईले प्रतिनिधिसभामा उत्पत्ति भएको भन्सार विधेयक, २०८० का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभएको छ ।

सोमबारको बैठकमा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले 'राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८२ माथि विचार गरियोस्' भनी प्रस्ताव पेश गर्नुभएको थियो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

'राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयकको सैद्धान्तिक पक्षमाथि आजको बैठकमा छलफल भएको छ । छलफलका क्रममा सांसदहरूले खेलकुदलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने, खेल पूर्वाधार विकासमा जोड दिनुपर्ने, खेलाडीहरूलाई नियमित पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनुपर्ने, खेलकुद क्षेत्रलाई राजनीतिक खिचातानीबाट टाढा राख्नुपर्नेलगायतका सुझाव दिनुभएको थियो ।रासस

# किसानलाई मलको यथाशीघ्र व्यवस्था गर्न सांसदको माग

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले किसानलाई यथाशीघ्र मलखादको व्यवस्था गर्न माग गर्नुभएको छ । बैठकको शून्य समयमा सांसदहरुले मल र खादको व्यवस्था नहुँदा किसानहरु मार्कामा परिरहेको उहाँहरुको भनाइ छ ।

सांसद देवप्रसाद तिमिल्सिनाले नेपाललाई कृषिप्रधान देश भनिए पनि मल नपाएर देशभरिका किसानहरु समस्यामा परेको उल्लेख गर्दै यथाशीघ्र समस्या समाधानमा जोड दिनुभयो ।

सांसद प्रभु हजाराले दुई दिनयता मधेसमा पानी परेसँगै किसानले धान रोप्न सुरु गरे पनि मलखाद नपाउँदा समस्यामा परिरहेको बताउनुभयो ।

सांसद वासुदेव घिमिरेले मलखादको वितरण समान हुन नसक्दा अभावको सामना खेप्नु परिरहेको उल्लेख गर्नुभयो । उहाँले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ लाई संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "कार्यविधि संशोधन नहुँदा सहुलियतको रासायनिक मल वितरण समन्यायिक भएको छैन, वैज्ञानिक आधार र क्षेत्रीय भौगोलिक विविधताको उचित मूल्याङ्कन नगरी मलखाद वितरण भएको छ ।"

उहाँले यसरी मलखाद वितरण गर्दा पहाडी क्षेत्रमा मल थन्किने र तराईमा अभाव हुने देखिएकाले तराईका किसानहरु अत्यन्त मार्कामा परिरहेको दाबी गर्नुभयो ।

सांसद तारा लामा तामाङले शुक्लाफाँटा वन्यजन्तु आरक्षणको विस्तारको क्रममा विस्थापित भएका नागरिकको पुनःस्थापना र व्यवस्थापनको दिगो समाधन नहुँदा समस्यामा परेको बताउनुभयो । "पुनःस्थापना र व्यवस्थापनका लागि सरकारले हालसम्म ३२ वटा अयोग गठन गर्दा पनि समस्या समाधान हुन नसक्दा विस्थापित परिवारहरु निराश छन् । शिविरहरुमा कष्टकर जीवन बिताउन बाध्य छन् । दीर्घकालीन समाधानका लागि अनुरोध गर्दछु", उहाँले भन्नुभयो ।

सांसदहरु दुर्गा राई र नारायणी शर्माले मुलुकी अपराध संहिताले पूर्णत निषेध गरेको बहुविवालाई छुट दिने कानुन ल्याउन लागिएको सुनिएको उल्लेख गर्दै त्यसको विरोध गर्नुभयो । सांसद राईले महिलामाथि हिंसा हुने र पुरुष छाडा हुने यो कानुन किन ल्याउन लागिएको भनेर विधेयकको घोर निन्दा र भत्सर्ना गर्नुभयो । सांसद शर्माले यो विधेयकलाई तत्काल नष्ट गर्नुपर्ने बताउनुभयो ।

सांसद प्रकाश ज्वालाले पनि बहुविवाहको बाटो खोल्ने गरी कानुनमा गर्न लागेको संशोधन रोकिनुपर्ने माग गर्नुभयो । उहाँले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने र प्रेसलाई नियन्त्रण गर्ने गरी ल्याउन लागिएको मिडिया काउन्सिल विधेयकलाई मिडियामैत्री हुनेगरी अघि बढाउन आग्रह गर्नुभयो । उहाँले सङ्घीय निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' हटाउन छलछाम षड्यन्त्र गर्न व्यक्तिहरुको नाम र कारबाही किटान गरेर प्रतिवेदन आओस् भन्ने मागसमेत गर्नुभयो ।



> "कार्यविधि संशोधन नहुँदा सहुलियतको रासायनिक मल वितरण समन्यायिक भएको छैन, वैज्ञानिक आधार र क्षेत्रीय भौगोलिक विविधताको उचित मूल्याङ्कन नगरी मलखाद वितरण भएको छ ।"

सांसद प्रतिमा गौतमले ललितपुरको गोदावरी क्षेत्रको ६० प्रतिशत जारको पानीमा ढलजन्य किटाणुको मात्रा भेटिएको तथ्य सार्वजनिक गर्दै यस्तो दूषित पानीका कारण झाडापखाला, टाइफाइडजस्ता रोगको महामारी फैलन सक्ने खतरा रहेको बताउनुभयो । उहाँले पानी आपूर्ति गर्ने कम्पनीहरूको परीक्षणलाई कडाइ गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद विमला सुवेदीले प्रतिनिधिसभाको नियमावलीअनुसार गठन हुनुपर्ने महिला समन्वय समिति अझै गठन नभएकोप्रति आपत्ति जनाउँदै तत्काल गठन गर्न माग गर्नुभयो । सांसदहरु दीपक गिरी, दिलेन्द्रप्रसाद बडू, नैनकला थापा, पुष्पबहादुर शाह र प्रतीक्षा तिवारीले जनचासोका सरोकार हरुबारे धारणा राख्नुभयो ।

**जलवायु परिवर्तनको असर र कृषि सङ्कटको सवालमा संसदमा बहस**

प्रतिनिधिसभाका सांसदहरूले जलवायु परिवर्तनको असर र कृषि सङ्कटको विषय उठान गर्नुभएको छ । संसद्को सोमबारको बैठकमा उहाँहरूले जलवायु परिवर्तनका कारण सुक्खा बढ्दै गएको र यसको मुख्य असर कृषि क्षेत्रमा परेको भन्दै आगामी दिनमा यस्ता समस्या समाधान हुने गरी नीति तर्जुमा गर्नुपर्नेमा जोड दिनुभयो ।

सोमबारको विशेष समयमा सांसद ठाकुरप्रसाद गैरेले वर्षाको समयमा मधेसमा सुक्खा क्षेत्र घोषणा गर्नुपर्ने अवस्था आइपरेको उल्लेख गर्दै मौसमी प्रतिकूलतासँग जुध्न योजना ल्याउनुपर्नेमा जोड दिनुभयो । "कहिले कृषकका लागि मलको अभाव त कहिले बीउको अभाव छ । सिँचाइको पनि अभाव छ । यी समस्या समाधान गरेर कृषकलाई प्रोत्साहन दिने नीति ल्याउन आवश्यक छ", उहाँले भन्नुभयो ।

उहाँले केही सांसदहरुले निरन्तर संसद् बहिष्कार गरिरहेको उल्लेख गर्दै उक्त समस्याको समाधान निकाल्न आग्रह गर्नुभयो । "सदन बहिष्कार गर्ने राजनीतिक दललाई भन्न चाहन्छु, दलले आफ्नो नीति बदलेर सदनमा नै आफ्नो कुरा राख्नुपर्छ", गैरेले भन्नुभयो, "संसद् प्रतिवाद गर्ने ठाउँ हो, कुरा राख्न पाउने ठाउँ हो । त्यसर्थ संसद् बहिष्कार गर्नु उचित होइन ।"

उहाँले शिक्षा विधेयक पास गर्न ढिलाइ भइसकेको भन्दै समयमा नै विधेयक पास गर्नुपर्ने सुझाव दिनुभयो । सांसद् गैरेले जलवायु परिवर्तनका कारण पर्यटन, जलविद्युत्, कृषि क्षेत्र प्रभावित भइरहेका भन्दै जलवायु न्यूनीकरण तथा अनुकूलनको कानुन बनाएर प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

चालु आर्थिक वर्षमा पुँजीगत खर्च कम्तीमा ८५ प्रतिशतसम्म पुऱ्याउनेगरी काम गर्न सरकारलाई सुझाव दिँदै, यसका लागि सांसदले पनि सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद सीताकुमारी रानाले दैलेखमा लामो समयदेखि बँदेलले गर्दा कृषि उपज नष्ट हुने समस्या भोगिरहेको बताउनुभयो । "यसको आक्रमणबाट घाइते पनि भएका छन्, निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन आवश्यक छ । यो समस्याको बारेमा ध्यानाकर्षण गरिए पनि सुनुवाइ भएको छैन । बँदेलबाट कृषकको बाली नष्ट हुने कुराको रोकथामका योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

सांसद रानाले चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेखमा प्राकृतिक ग्यास प्रमाणित भएको र मिथेन ग्यासको भण्डार रहेको उल्लेख गर्नुभयो । "ग्यासको गुणस्तरीय व्यावसायिक उत्पादन र आर्थिक लाभांशका बारेमा अन्तिम प्रतिवेदनबाट पुष्टि हुने नै छ । यसले नेपाललाई पेट्रोलियम पदार्थमा आत्मनिर्भर बनाउनेछ", रानाले भन्नुभयो ।

सांसद रणेन्द्र बराइलीले बहुविवाहलाई प्रोत्साहन गर्ने गरी विधेयकको मस्यौदा तयार भइरहेको दाबी गर्दै कुनै पनि हालतमा स्वीकार्य हुन नसक्ने बताउनुभयो । उहाँले शिक्षकहरूको समस्या लामो समयदेखि समाधान हुन नसकेको स्मरण गराउँदै सरकारले चाँडोभन्दा चाँडो सुनुवाइ गर्नुपर्ने बताउनुभयो ।

सांसद भानुभक्त जोशीले नेपालमा गाँजाको उपयोगका सम्बन्धमा पर्याप्त अनुसन्धान गरेर आवश्यकताका आधारमा उत्पादन गर्न सकेमा औषधिजन्य पदार्थका रूपमा प्रयोग गर्न सकिने बताउनुभयो ।रासस

# बुद्धका कारण पनि नेपाल विश्वभर चिनिएको छः मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले बुद्ध जन्मिएका कारण पनि नेपाल विश्वमा चिनिएको बताउनु भएको छ ।

गुरु पद्मसम्भवको जन्म दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले बुद्ध जन्मस्थल भएका नेपालप्रति आत्मीयता राख्ने राष्ट्रहरूको सङ्ख्या बढिरहेको उल्लेख गर्नुभयो ।

मन्त्री पाण्डेले भन्नुभयो, "हामी बुद्ध र वेदको धरोहर बोकेको देशका नागरिक हौँ, यो पहिचानलाई थप सशक्त रूपमा विश्वसामु प्रस्तुत गर्नुपर्छ ।"

उहाँले गुरु पद्मसम्भवले हिमाली बौद्ध परम्परालाई अघि बढाउनुका साथै बौद्ध दर्शनको प्रचार-प्रसारमा समेत ऐतिहासिक योगदान गरेको बताउनुभयो । उहाँको योगदान विश्वभर फैलिएको बुद्ध दर्शनको एउटा महत्त्वपूर्ण आधार भएको पनि मन्त्री पाण्डेको भनाइ थियो ।

"पहिलोपटक गुरु पद्मसम्भवको जन्म दिवसलाई औपचारिक रूपमा कार्यक्रम गरी मनाउनु ऐतिहासिक कदम हो । यस्ता सांस्कृतिक र धार्मिक कार्यक्रमलाई आगामी दिनमा अझ व्यवस्थित र प्रभावकारी बनाउन सहयाग हुनेछ", उहाँले भन्नुभयो ।

मन्त्री पाण्डेले बुद्धको शिक्षालाई संसारले अझै पनि ग्रहण गरिरहेको चर्चा गर्नुभयो । "भौतिक सम्पन्नताले एक हदसम्म मात्र सन्तुष्टि दिन सक्छ, तर अन्तरमनको शान्ति बुद्धमार्गबाट मात्र सम्भव हुन्छ । त्यसैले बुद्ध शिक्षा भनै सान्दर्भिक बन्दै गएको छ", उहाँको भनाइ थियो ।

**कार्यक्रमले नेपाली संस्कृति विश्वभर विस्तार गरेको छ**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाली संस्कृतिको दायरालाई विश्वभर विस्तार गर्न टेलिभिजन रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'ले सघाइरहेको बताउनुभएको छ ।



मन्त्रालयमा दुवै रियालिटी शोका शीर्ष १० मा पर्न सफल प्रतिभाहरुसँग अन्तरक्रिया गर्नुहुँदै मन्त्री पाण्डेले नेपाली संस्कृतिलाई पहिचान र पर्यटनसँग जोडेर गीत-सङ्गीत र नृत्यकलाको माध्यमबाट नेपालीपन प्रवर्द्धन गर्ने कार्यमा 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' ले निकै अर्थपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभएको हो ।

नेपाल टेलिभिजनमा प्रसारण हुने यी दुवै रियालिटी शो गैरनाफामुखी सामाजिक संस्था इन्ट्रा फाउन्डेसनले निर्माण गरेको हो । हाल दुवै शोको सिजन-२ जारी छ । मन्त्री पाण्डेले 'मेरो डान्स युनिभर्स' सिजन-१ का विजेता थाइल्याण्डका नेपाली प्रतिभा खुसी कार्कीसँग केहीअघि थाइल्याण्डकै एक कार्यक्रममा भेटेको सन्दर्भ समेत सुनाउनुहुँदै संसारभर फैलिएका नेपालीहरुलाई संस्कृतिको साझा धागोले जोड्ने काम इन्ट्रा फाउन्डेसनले गरेकोमा प्रशंसा गर्नुभयो । "एउटा राष्ट्रको हिसाबले हामीसँग बरु केही सीमाहरु छन्", उहाँले भन्नुभयो, "तर, अमेरिका पुगेका भुटानी नेपालीहरुको संस्थाले नेपाली गीत-सङ्गीत र संस्कृतिमाथि यति ठूलो कार्य गर्नु भनेको निकै प्रशंसनीय छ ।"

मन्त्री पाण्डेले उत्कृष्ट अवार्ड जसले जिते पनि दुवै शोमा सहभागी सम्पूर्ण प्रतिभाहरुलाई नेपाली सांस्कृतिक दूतको रुपमा आ-आफ्ने भूमिमा सक्रिय हुन आग्रह समेत गर्नुभयो ।

फाउन्डेशनका कार्यकारी निर्देशक चूडामणि भट्टराईका अनुसार संसारभर छरिएका नेपाली मूलका नागरिकलाई गायन र नृत्य कलामार्फत एउटै मालामा गाँसेर नेपाली सांस्कृतिक पहिचानलाई विश्वभर प्रवर्द्धन गर्ने कार्यक्रमको उद्देश्य रहेको छ । दुवै शोमा विभिन्न ६० मुलुकबाट सहभागिता जनाइ यो साता उत्कृष्ट आठको सूचीमा प्रवेश गरेका छन् । "अन्टार्कटिकाबाहेक सबै महादेशमा हामी पुगेका छौँ", उहाँले भन्नुभयो, "म्यान्मारबाट त त्यता पुगेको सातौँ पुस्ताका प्रतिभाले पहिलोपटक नेपालमा पाइला टेक्दै शोमा सहभागी हुनुभएको छ ।"

कार्यक्रममा म्यान्मारकै अस्मिता न्यौपाने, कतारको प्रतिनिधित्व गर्दै जुनु प्रसाइँ, सिक्किमबाट दीपराज राई र नेपालबाट प्रशान्त पोखरेलले मन्त्री पाण्डेसहितलाई गीत सुनाउनुभएको थियो ।रासस

# पार्टीभित्रका गुट र स्वार्थ समूह विघटन गर्ने माओवादीको सङ्कल्प

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले पार्टीभित्र देखिएको गुटउपगुट र स्वार्थ समूह विघटन गर्ने सङ्कल्प र प्रतिबद्धता व्यक्त गरेको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार सम्पन्न भएको स्थायी समिति बैठकले पार्टी निर्णयविपरीतका गतिविधि गर्ने नेता कार्यकर्तालाई कारबाहीको दायरामा ल्याउने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

"पार्टीभित्रको गुट उपगुटको बारेमा अनुगमन गर्न तल्ला कमिटीसम्म विभिन्न समिति बनाउने निर्णय भएको छ", प्रवक्ता सापकोटाले भन्नुभयो, "बैठकले पार्टीको शुद्धीकरण र रूपान्तरणको क्षेत्रमा धेरै महत्त्वपूर्ण निर्णय गरेको छ ।"

पार्टीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने आचारसंहिता र नियमावली निर्माण गर्ने तथा पार्टीलाई विधि पद्धति र प्रक्रियामा सञ्चालन गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो । पार्टीका उपमहासचिव जनार्दन शर्माले स्थायी समितिको निर्णयलाई महसुस गर्नुभएको र बैठकको निर्णयमा हस्ताक्षर गर्न सहमत हुनुभएको उहाँले जानकारी दिनुभयो ।

बैठकले दशैँ र तिहारको बीचमा केन्द्रीय समिति बैठक आह्वान गर्ने, पोखरामा पुगेर रोकिएको मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानलाई भदौ १५ गतेदेखि सुरू गरेर ताप्लेजुङसम्म पुऱ्याउने निर्णय गरेको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो ।

**चन्द नेतृत्वको नेकपासाग एकता**

बैठकले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग पार्टी एकता गर्ने निर्णय गरेको छ । "दुवै पार्टीले एकता गर्ने निर्णय गरिसकेका छन् अब छिट्टै एकता हुन्छ", प्रवक्ता सापकोटाले भन्नुभयो, "अन्य माओवादी धारसँग पनि एकताको प्रयास भइरहेको छ ।" उहाँले नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीसँग पनि एकताको बारेमा छलफल भइरहेको जानकारी दिनुभयो ।

**सामूहिक सङ्कल्प र प्रतिबद्धता गरेको छः अध्यक्ष दाहाल**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थायी समिति बैठकले पार्टीभित्रका सबै किसिमका गुटबन्दी अन्त्य गर्ने सामूहिक सङ्कल्प र प्रतिबद्धता गरेको बताउनुभएको छ ।




पार्टी कार्यालय पेरिसडाँडामा सोमबार सम्पन्न भएको स्थायी कमिटी बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै अध्यक्ष दाहालले पार्टीलाई एकताबद्ध गर्दै फेरि जनतामा जाने र मुलुकमा देखिएका बेथितिविरुद्ध आन्दोलन गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र बलियो बनाउनका निम्ति सिङ्गो मुलुकलाई एकताबद्ध गर्न र अब आउने चुनौतीलाई जिम्मेवारीपूर्वक पूरा गर्न पार्टी एकताबद्ध भएको छ । रासस


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय लहानबाट तपशिलमा उल्लेखित ऋणीले घर कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

लक्ष्मी साह हलुवाईको छोरी राम कुमारको बुहारी रमेश कुमार साहको पत्नी सिराहा जिल्ला लहान वडा नं. ५ हाल, लहान न.पा. वडा नं. ५ बस्ने **मुनी देवी साह** (ना.प्र.नं. : ३६४ जारी मिति र जिल्ला : २०५८/११/२४, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम कुमारको नातिनी रमेश कुमार साहु हलुवाईको छोरी सिराहा जिल्ला लहान वडा नं. १ हाल, लहान न.पा. वडा नं. ५ बस्ने **शितल साह** (ना.प्र.नं. : १५२००५/२३७४० जारी मिति र जिल्ला : २०७३/०६/२४, सिराहा)

२) जागेश्वर साहको नाति राम कुमारको छोरा सिराहा जिल्ला लहान वडा नं. ५ हाल, लहान न.पा. वडा नं. ५ बस्ने **रमेश कुमार साहु हलुवाई** (ना.प्र.नं. : २१९२ जारी मिति र जिल्ला : २०४२/०३/१२, सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०२/२० को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| मुनी देवी साह | सिराहा जिल्ला नैनपुर वडा नं. ९ | ९क | २१६२ | १,७२७.०१ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/०९ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय लहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।

५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१० गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय लहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# महिला सांसदको घाँटीबाटै सिक्री तानेर लुटेरा फरार

एजेन्सी

नयाँ दिल्ली । भारतको राजधानी नयाँ दिल्लीको ‘ भीआईपी’ एरियामा सोमबार एक महिला सांसदको घाँटीबाटै सुनको सिक्री तानेर लुटेरा फरार भएको छ ।



लोकसभा सांसद आर सुधा सोमबार ‘मर्निङ वाक’मा रहेको समयमा उक्त घटना भएको हो । उनले आफ्नो घाँटीबाट सिक्री तानेर लुटेराले लगेको बताएकी छन् । लुटेरा स्कुटरमा आएको र उसले हेलमेटले अनुहार ढाकेका कारण आफूले चिन्न नसक्ने उनको भनाइ छ ।

प्रतिकारका क्रममा आफूलाई विभिन्न ठाउँमा चोटसमेत लागेको सांसद सुधाले जनाएकी छन् ।

घटना लगत्तै उनले गृहमन्त्री अमित शाहलाई पत्र लेखेर जानकारी गराएकी छन् । उनले चाणक्यपुरीजस्तो दिल्लीको सुरक्षित क्षेत्रमा एक महिला सांसदमाथि यसप्रकारको घटना हुन्छ भने महिलाहरू कहाँ सुरक्षित हुन सक्छन् भनेर प्रश्नसमेत गरेकी छन् ।

दिल्ली प्रहरीले यसबारे उजुरी दर्ता गरेर अनुसन्धान थालेको छ । भारतीय सञ्चारमाध्यमले दिल्ली प्रहरीलाई उद्धृत गर्दै जनाए अनुसार प्रहरीको १० वटा टिम परिचालन गरेर अनुसन्धान तथा खोजतलास थालिएको छ ।

# एयर इन्डियाको विमानमा साङ्ला देखिएपछि

एजेन्सी

सान फ्रान्सिस्कोबाट मुम्बई आउँदै गरेको एयर इन्डियाको उडान एआई १८० मा अचानक साङ्ला देखिएपछि विमानभित्र त्रास फैलिएको छ ।

विमानभित्र साङ्ला देखिएपछि यात्रुहरूले चालक दललाई जानकारी गराएका थिए । यात्रुहरूले उडानमा साङ्ला देख्दा यो गन्तव्य मुम्बई पुगेको थिएन ।

विमान सान फ्रान्सिस्कोबाट कोलकाता भएर मुम्बई जाँदै थियो । एयर इन्डियाले यो घटनालाई दुर्भाग्यपूर्ण भन्दै एक विज्ञप्ति जारी गरेको छ ।

कोलकातामा इन्धन भर्ने क्रममा विमानको सरसफाइ गरियो । यात्रुहरूलाई कुनै पनि असुविधा नहोस् भनेर एउटै क्याबिनमा अन्य सिटहरूमा बस्न लगाइएको थियो ।

‘जब उडान कोलकातामा इन्धन भर्नको लागि रोकियो, ग्राउन्ड क्रूले यसको भित्रसम्म सफाइ गरे । उडान निर्धारित समयमा मुम्बईको लागि प्रस्थान गऱ्यो,’ विज्ञप्तिमा एयर इन्डियाले भनेको छ ।

‘यात्रुहरूलाई भएको असुविधाको लागि हामी माफी चाहन्छौँ । दैनिक सफाइ गर्दा पनि कहिलेकाहीँ किरा विमानभित्र प्रवेश गर्छन् । साङ्लो कसरी विमानभित्र पस्यो ? भन्नेबारे अनुसन्धान भइरहेको छ ।’

# दोस्रो विश्वयुद्धमा बाँचेका कोरियाली ८० वर्षपछि पनि अझै पीडित

एएफपी

हापचियोन ।सन् १९४५ अगष्ट ६ मा हिरोशिमालाई ध्वस्त पार्ने आणविक बम ‘लिटिल ब्वाई’ अमेरिकीहरूले खसाल्दा बाए क्युङ-मी पाँच वर्षको हुनुहुन्थ्यो ।



त्यस समयमा शहरमा काम गर्ने हजारौं अन्य जातीय कोरियालीहरू जस्तै उहाँको परिवारले पनि यो त्रासलाई गोप्य राखेको थियो।औपनिवेशिक शासक जापानका लागि सानोतिनो श्रमिकमाथि लाग्ने लाञ्छना र विकिरणका कारण हुने रोगको सङ्क्रामकताबारे बोल्न धेरैलाई डर लाग्थ्यो । त्यस दिन हिरोशिमास्थित आफ्नो घरमा खेलिरहेको बेला विमानको आवाज सुनेको बाए सम्झनुहुन्छ । उहाँ भन्नुहुन्छ, “त्यसको केही मिनेटमै मेरी आमा भग्नावशेषमा पुरिनुभएको थियो ।”

“मैले मेरी आमालाई जापानी भाषामा भनेँ, “आमा! त्यहाँ हवाईजहाजहरू छन्!” अहिले ८५ वर्ष पुगेका बाएले एएफपीसँग भन्नुभयो । उहाँले भन्नुभयो, “त्यसको केही समयपछि आमा कहिल्यै बोल्नुभएन, खै कहा जानुभयो त्यो पनि मलाई थाहा भएन। पछिमात्र मलाई भनियो आमा बित्नुभयो भनेर।”

बाए भन्नुहुन्छ, “मेरो घर म माथि ढल्यो र आगलागी भयो । भग्नावशेषले मलाई जलेको आगोबाट बचाएछ । मैले पछि अरूले भनेको सुने। थाहा पाएँ।” तर ती जहाजहरूबाट खसालिएका विस्फोटक पदार्थले आमा, काका र काकीसहित दशौं हजार मानिसहरूको ज्यान लिए । पछि बाएको बाँकी परिवार जापानबाट कोरिया फर्क्यो । उनीहरूले आफ्नो अनुभवबारे कसैलाई बताएनन्।

“मैले मेरो पतिलाई म हिरोशिमामा थिएँ र बम विस्फोटको सिकार भएको थिएँ भनेर कहिल्यै भनिनँ,” बाएले भन्नुभयो ।

उहाँ भन्नुहुन्छ, “त्यतिबेला मानिसहरूले अक्सर उक्त घटनामा परेका व्यक्तिका बारेमा नकारात्मक कुरा गर्थे । यदि मेरो श्रीमान्ले म त्यो परमाणु बम बारीबाट बचेको व्यक्ति हो भन्ने थाहा पाएको भए मलाई विवाह गनुहन्नथ्यो होला। समाजले यस्तो व्यक्तिलाई हेर्ने दृष्टिकोण गलत थियो।” सन् १९९६ मा दक्षिण कोरियाको हाप्चेओनमा बम विष्फोटका पीडितका लागि स्थापना गरिएको विशेष केन्द्रमा आफ्नो नाम दर्ता भएपछि मात्र उहाँका दुई छोराले हिरोसिमामा वम खस्दा उहाँ त्यहाँ रहेको थाहा पाएका थिए ।बाएले विकिरणसँग सम्बन्धित रोगहरूबाट पीडित हुने डरले क्यान्सरको उच्च जोखिमको कारण उहाँको अण्डाशय र स्तन निकाल्न बाध्य भएको बताउनुभयो । तर यो कुरा आफ्ना बच्चा र श्रीमान्लाई समेत बताउनुभएन ।

## पीडामाथि पीडा

उहाँलाई आफू किन बिरामी परिरहेको छ भनेर थाह थियो, तर उहाँले आफ्नो परिवारलाई भन्नुभएको थिएन । उहाँले भन्नुभयो, “हामी सबैले यसलाई दबाइदियौँ।”हिरोशिमा र नागाशाकीमा भएको दुई वटा बम विष्फोटमा करिब सात लाख ४० हजार मानिसको मृत्यु भएको थियो ।

जापानको कोरियाली प्रायद्वीपमा उपनिवेश रहेको समयमा जापानमा ठूलो सङ्ख्यामा मानिसहरुको ओहोरदोहोर भएको तथ्याङ्कले देखाएको छ ।जापानमा बाँचेकाहरूले ‘हिबाकुशा वा आणविक बमबाट बचेकाहरू र कोरियालीहरूको रूपमा भेदभाव सहनुपरेको थियो । सन् १९५० देखि सन् १९५३ को कोरियाली युद्धका कारण प्रायद्वीप विभाजित भएपछि धेरै कोरियालीहरूले प्योङयाङ समर्थक र जापानको सियोल समर्थक समूहहरूमध्ये एक रोज्नुपरेको थियो।

क्वोन जून-ओहकी आमा र बुबा दुवै हिरोशिमा आक्रमणमा बाँच्न सफल भएका थिए ।उहाँका अनुसार ७६ वर्षीय उहाँका आमाबाबुले पनि आफ्नो पुस्ताका अन्य सदस्यले जस्तै जापानीहरूले आफूभन्दा तल ठानेको ‘फोहोर र खतरनाक काम’ मात्र गर्न पाउँथे ।सन् १९९० को दशकको अन्त्यतिर हिरोशिमा शान्ति पार्कमा कोरियाली पीडितहरूलाई दशकौंसम्म आधिकारिक स्मारक बनाउनबाट बञ्चित गरिएको थियो।

सन् १९४५ अगष्ट ६ मा किम ह्वा-जा चार वर्षकी हुनुहुन्थ्यो र बम विस्फोटपछि हिरोसिमाबाट भाग्ने प्रयास गर्दा घोडाको पासोमा परेको सम्झना गर्नुहुन्छ । उहाँले भन्नुभयो, “एक्कासी ठूलो आवाज आयो ।

धुवाँ सबैतिर फैलियो र शहर जल्यो ।”कम्बलमुनिबाट बाहिर हेरिरहेकी किमलाई उहाँकी आमा र बुवाले कम्बलले मुख छोप्न भने उहाँले त्यसै गर्नुभयो र सम्भवतः ज्यान बच्यो ।कोरियाली समूहहरूको अनुमानअनुसार त्यस दिन ५० हजारभन्दा बढी कोरियालीहरू शहरमा थिए र दशौं हजारले सैन्य स्थलहरूमा मजदुरी गरिरहेका थिए।

हिरोशिमाका एक अधिकारीले एएफपीसँग भने, “शहरको कार्यालय यति पूर्ण रूपमा तहसनहस भयो कि स्पष्ट रेकर्डहरू पत्ता लगाउन सम्भव थिएन।”जापानको औपनिवेशिक नीतिले कोरियाली नामको प्रयोगमा प्रतिबन्ध लगायो, जसले रेकर्ड राख्न थप जटिल बनायो।आक्रमणपछि बाँचेका हजारौं कोरियालीहरू आफ्नो नयाँ स्वतन्त्र देशमा फर्केका थिए।तर त्यसयता थुप्रैले स्वास्थ्य समस्यासँगै र लाञ्छनाको सामना गरिरहेका छन्।

“त्यतिबेला विकिरणको जोखिम सङ्क्रामक (फैलिन सक्ने) हुन सक्छ भन्ने निराधार अफवाहहरू थिए,” देशको हाप्चेओन आणविक बम पिडित केन्द्रका निर्देशक जियोङ सो-वोनले भन्नुभयो । जियोङले भन्नुभयो, “राष्ट्रव्यापी रूपमा करिब एक हजार ६०० दक्षिण कोरियाली जीवितै रहेको अनुमान गरिएको छ, जसमध्ये ८२ जना केन्द्रमा बस्छन्।”सियोलले सन् २०१६ मा एक विशेष कानून लागू गरेको थियो जसमा पीडितहरूलाई मासिक ७२ अमेरिकी डलरको भत्ता पनि समावेश गरिएको थियो तर यसले उनीहरूका सन्तान वा विस्तारित परिवारलाई कुनै सहयोग प्रदान गर्दैन।

“बम विस्फोटबाट प्रभावित दोस्रो र तेस्रो पुस्ताका थुप्रै सन्तान जन्मजात रोगबाट पीडित छन्,” जियोङले भन्नुभयो ।“भविष्यमा उनीहरूलाई सहयोग गर्ने प्रावधानलाई कानुनमा ‘समावेश गर्नैपर्छ’,” उहाँले भन्नुभयो ।जापानको हिबाकुशा समूहले विश्वलाई आणविक युद्धको भयावहता देखाउन गरेको प्रयासको कदर गर्दै गत वर्ष नोबेल शान्ति पुरस्कार जितेको थियो ।तर आक्रमणको ८० वर्ष बितिसक्दा पनि जापान र कोरियाका धेरै बाँचेकाहरूले संसारले केही नसिकेको बताएका छन्।

## केबल गफ


अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै इरानको आणविक केन्द्रहरुमा गरेको आक्रमणलाई हिरोशिमा र नागासाकीमा भएको बमबारीसँग तुलना गर्नुभएको छ ।

विस्फोटपछि बाँच्न सफल किम जिन-होले भन्नुभयो, “हिरोशिमामा भएको बम विष्फोटको त्रासदी के उहाँले बुझ्नुभएको छ ? के उहाँले नागासाकीको त्यो कुरा बुझ्नुभएको छ ?”कोरियामा हाप्चेओन केन्द्रले अगष्ट ६ मा एक स्मृति दिवस मनाउनेछ र यस वर्षको कार्यक्रमले थप ध्यान आकर्षित गर्ने आशा गरिएको छ“राजनीतिज्ञहरूबाट केवल कुराकानी भएको छ । तर कुनै गम्भीर चासो छैन,” उहाँले भन्नुभयो ।

# बङ्गलादेशका पूर्वप्रधानमन्त्रीको कार्यालय क्रान्ति सङ्ग्रहालय बन्दै

एएफपी

ढाका । कुनै बेला कडा सुरक्षा भएको दरबार अर्थात् बङ्गलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाको पूर्वसरकारी निवासलाई उहाँको निरङ्कुश शासनको चिरकालीन सम्झना दिलाउन सङ्ग्रहालयमा परिणत गर्न थालिएको छ।



सन् २०२४ को अगष्ट ५ मा हसिना हेलिकप्टरबाट भारत भागेपछि ढाका दरबारको छतमा झण्डा फहराइरहेका भीडको तस्बिरले उहाँको सरकार ढाल्ने विद्यार्थी नेतृत्वको आन्दोलनको अवस्थाको चित्रण गरेको छ ।करिब १७ करोड जनसङ्ख्या रहेको दक्षिण एसियाली राष्ट्रमा अझै पनि राजनीतिक उथलपुथल कायमै रहेको अवस्थामा एक वर्षपछि पनि गणभवन दरबारले भविष्यका लागि सन्देश दिने अधिकारीहरूले आशा गरेका छन् ।

उहाँको शासनको निन्दा गर्दै भित्तामा कोरिएका सङ्केतहरू यथावत राखिएका छन् । भित्तामा कोरिएका सङ्केतमध्ये एकमा लेखिएको छ, “स्वतन्त्रता ! हामी न्याय चाहन्छौँ।”हसिनाको शासनकालमा राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासत र गैरन्यायिक हत्या गर्नेजस्ता व्यापक मानव अधिकार उल्लङ्घन भएको थियो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२४ को जुलाईदेखि अगष्टसम्मको अवधिमा सत्तामा टिकिरहने असफल प्रयासमा एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

सतहत्तर वर्षीया पूर्वप्रधानमन्त्री हसिनाले ढाकामा मानवताविरुद्धको अपराधको अभियोगमा चलिरहेको सुनुवाइमा उपस्थित हुन अदालतको आदेशको अवहेलना गर्नुभएको छ ।

भावी पुस्ताको लागि सुरक्षित कैयौँ अन्यसन्देशमध्ये अर्को एक सन्देशमा लेखिएको छ, “तानाशाह ! हत्यारा हसिना !” पूर्व प्रधानमन्त्रीको कार्यालयलाई सङ्ग्रहालयमा रूपान्तरण गर्दा ‘ उहाँको कुशासन र सत्ताबाट हटाउँदा जनताको आक्रोशको सम्झना जोगाउने’ सन् २०२६ को सुरुमा चुनाव नहुञ्जेल कामचलाउ सरकारको नेतृत्व गरिरहेका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले बताउनुभयो।

> “संग्रहालयको प्रमुख उद्देश्य विगतलाई प्रदर्शन गर्ने हो । यसले लामो समयदेखिको कुशासन र उत्पीडनलाई फर्केर हेर्न सहयोग गर्नेछ ।”उहाँले भन्नुभयो, “मलाई विश्वास छ, यो परियोजनाको सबैभन्दा महत्त्वपूर्ण पक्षहरूमध्ये एक हो।”

## फासीवादको प्रतीक

अधिकारकर्मी तथा डकुमेन्ट्री फोटोग्राफर २७ वर्षीया मोस्फिकुर रहमान जोहानलगायतका हजारौं व्यक्तिले हसिनाको शयनकक्षमा पालोपालो गरी नाचेका थिए, भान्साकोठा भेटेको खाना खाएका थिए र हसीनाले माछा पालेको तालमा पौडी खेलेका थिए ।

“यसले विगतको आघात, विगतको पीडा र प्रतिरोधको कल्पना र प्रतीकलाई संरक्षण गर्नेछ,” उहाँले भन्नुभयो । उहाँले थप्नुभयो, “गणभवन फासीवादको र निरंकुश शासनको प्रतीक हो।”

यो भवन हसिनाका पिता, बङ्गलादेशका प्रथम नेता शेख मुजिबुर रहमानले निर्माण गर्नुभएको थियो र हसिनाले आफ्नो १५ वर्षको शासनकालमा यसलाई आफ्नो आधिकारिक निवास बनाउनुभएको थियो ।निर्माणाधीन सङ्ग्रहालयका क्युरेटर तान्जिम वहाबले एएफपीसँग कुरा गर्दै सङ्ग्रहालयमा प्रदर्शनमा मारिएका प्रदर्शनकारीका कलाकृति समावेश गरिने बताउनुभयो ।

उनीहरुको जीवनकथा फिल्म र फोटोग्राफको माध्यमबाट सुनाइनेछ भने हसिनाको शासनको लामो अवधिमा सुरक्षा फौजद्वारा मारिएका व्यक्तिको नाम पनि त्यहाँ राखिनेछ । वहाबले भन्नुभयो, “संग्रहालयको प्रमुख उद्देश्य विगतलाई प्रदर्शन गर्ने हो । यसले लामो समयदेखिको कुशासन र उत्पीडनलाई फर्केर हेर्न सहयोग गर्नेछ ।”उहाँले भन्नुभयो, “मलाई विश्वास छ, यो परियोजनाको सबैभन्दा महत्त्वपूर्ण पक्षहरूमध्ये एक हो।”

वहाबले सङ्ग्रहालयमा ‘ एनिमेसन’ र अन्तरक्रियात्मक सामग्रीहरू राखिने छ । “हामी युवाहरू यसलाई लोकतान्त्रिक विचार, नयाँ सोच र नयाँ बङ्गलादेश कसरी निर्माण गर्ने भन्ने विषयमा छलफल गर्ने मञ्चका रूपमा प्रयोग गन चाहन्छौँ,” वहाबले भन्नुभयो ।

## ‘तानाशाहका मूर्ति’

अन्तरिम नेता युनुसले चुनावअघि सुनिश्चित गर्न चाहेका लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने वाचा गरेसँगै राजनीतिक दलहरू सत्ताका लागि होडबाजी चल्दा प्रयासहरू सुस्त भएका छन्।क्रान्तिको एक वर्षे वार्षिकोत्सवको पूर्वसन्ध्यामा ह्युमन राइट्स वाचले चेतावनी दिँदै अन्तरिम नेता युनुसलेसामना गर्नुपरेका चुनौतीहरू अथाह भएको जनाएको छ ।

एचआरडब्लुले भनेको छ, “बङ्गलादेशीहरूको अधिकारको रक्षा गर्नुको सट्टा हसिनाका समर्थकहरूमाथि प्रतिशोध लिनमा बढी केन्द्रित हिंस्रक धार्मिक कट्टरपन्थी र राजनीतिक समूहका गतिविधिका कारण अन्तरिम सरकार अड्केको जस्तो देखिन्छ ।” हसिनाको दरबारको संरक्षण गरिरहँदा प्रदर्शनकारीहरूले उहाँको शासनका अन्य थुप्रै दृश्यचिन्हहरू च्यातेका छन् ।

हसिनाका पिताको मूर्ति भत्काइएको छ र दुवैको चित्र च्यातेर जलाइएको छ । प्रदर्शनकारीहरूले हसिनाले आफ्ना पिता शेख मुजिबुर रहमानको घरलाई का लागि उहाँकै कामको संस्मरणमा सङ्ग्रहालयमा परिणत गर्नुभएको थियो ।

रहमानका ऐतिहासिक घर भत्काउने भीडमा रहेका एक प्रदर्शनकारी मुहिबुल्लाह अल मस्नुनले भन्नुभयो, “तानाशाहको पतनसँगै उसका आकर्षण पनि अन्त्य हुन्छन् ।”बङ्गलादेशलाई राम्रो भविष्यतर्फ अघि बढाउन यस्ता चिह्न हटाउन आवश्यक रहेको २३ वर्षीया छात्रा मस्नुनले बताउनुभयो । “ती तानाशाहका मूर्तिहरू थिए,” मस्नुनले भन्नुभयो ।

# अमेरिकी विशेष दूत विटकोफले आगामी साता रुस भ्रमण गर्ने ट्रम्पद्वारा पुष्टि

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विशेष दूत स्टिभ विटकोफले आगामी साता रुसको भ्रमण गर्ने पुष्टि गर्नुभएको छ ।



पत्रकारसँग कुरा गर्दै ट्रम्पले रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवसँग अनलाइन विवादपछि आफूले तैनाथ गरेका दुई आणविक पनडुब्बी अहिले ‘यस क्षेत्रमा’ रहेको बताउनुभएको छ । राष्ट्रपति ट्रम्पले आणविक शक्ति सम्पन्न पनडुब्बी वा आणविक हतियारले सुसज्जित पनडुब्बी किन त्यहाँ राखिएको हो भन्नेबारे भने केही बताउनुभएको छैन । उहाँले अमेरिकी सेनाले गोप्य राखेका स्थानका बारेमा पनि विस्तृत जानकारी दिनुभएन ।

उहाँले अर्को हप्ताको अन्त्यमा रुसलाई युक्रेन युद्ध अन्त्य गर्ने दिशामा कदम चाल्न वा अनिर्दिष्ट नयाँ प्रतिबन्धहरूको सामना गर्न समयसीमा तोकेका पृष्ठभूमिमा आणविक आक्रमण भएको हो।रिपब्लीकन नेता ट्रम्पले आफ्ना विशेष दूत विटकोफले सम्भवतः अर्को हप्ताको बुधबार वा बिहीबार रूस भ्रमण गर्ने बताउनुभएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले क्रेमलिनसँग सम्बन्ध सुधार्ने ट्रम्पको प्रयास विफल हुनुअघि मस्कोमा विटकोफसँग धेरै पटक भेट गरिसक्नुभएको छ । मस्कोका लागि विटकोफको सन्देश के हुनेछ र प्रतिबन्धबाट बच्न रुसले केही गर्न सक्छ कि सक्दैन भनी पत्रकारहरूले राखेको प्रश्नमा राष्ट्रपति ट्रम्पले भन्नुभयो, “हो, मानिसहरू मारिनबाट जोगाउन एउटा सम्झौता गरियोस् भन्ने अमेरिकाको धारणा रहेको छ ।”

## ‘अतिरिक्त कर वृद्धि’

यसअघि ट्रम्पले रुसका बाँकी व्यापार साझेदार चीन र भारतलाई लक्षित गरी नयाँ कदम चाल्नुको अर्थ ‘अतिरिक्त कर लागु’ हुन सक्ने बताउनुभएको छ । यसले रुसलाई थप दबाब दिनेछ तर यसले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय व्यवधानको जोखिम ल्याउनेछ ।

वासिङ्टनका दबाबका बावजुद रुसले युक्रेनविरुद्ध आक्रमण जारी राखेको छ ।युद्धविरामको आह्वानलाई निरन्तर अस्वीकार गर्दै आएका पुटिनले शुक्रबार आफू शान्ति चाहेको तर करिब साढे तीन वर्षको आक्रमण अन्त्य गर्ने आफ्नो माग ‘अपरिवर्तित’ रहेको बताउनुभएको छ ।

पुटिनले भन्नुभयो, “हामीलाई ठोस जगमा स्थायी र स्थिर शान्ति चाहिएको छ जसले रुस र युक्रेन दुवैलाई सन्तुष्ट पार्नेछ र दुवै देशको सुरक्षा सुनिश्चित गर्नेछ ।” यद्यपि, उहाँले थप्नुभयो, “रुसी पक्षबाट अवस्था उस्तै छ।”

रुसले युक्रेनलाई मस्कोले कब्जा गरेको दाबी गरेका चार वटा क्षेत्रको नियन्त्रण प्रभावकारी रुपमा फिर्ता गर्न बारम्बार आग्रह गर्दै आएको छापुटिनले युक्रेनले नेटोमा सामेल हुने आफ्नो महत्वाकाङ्क्षा त्यागेर जाओस् भन्ने चाहनुभएको छ । युक्रेनले सन् २०१४ को शीतकालीन ओलम्पिकको आयोजक शहर सोचीमा रहेको तेल डिपोमा आइतबार ड्रोन आक्रमण गरेको छ ।

हालैका हप्ताहरूमा युक्रेनी भूमिमा रुसी आक्रमणका कारण दर्जनौँ सर्वसाधारणको मृत्यु भएपछि प्रतिक्रियास्वरूप किएभले रुसविरुद्ध हवाई आक्रमण तीव्र पार्ने बताएको छ ।रुसको रक्षा मन्त्रालयले सोमबार राति युक्रेनका ६१ वटा ड्रोनलाई रोकेको जनाएको छ ।युक्रेनको सैन्य प्रशासनले दक्षिणी खेरसन क्षेत्रमा रुसी गोलाबारीमा परी एक व्यक्तिको मृत्यु भएको जनाएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जुलाईमा इस्तानबुलमा रुससँग भएको वार्तापछि एक हजार २०० युक्रेनी सैनिकलाई स्वदेश फर्काउने गरी दुवै पक्षले कैदी आदानप्रदानको तयारी गरिरहेको बताएका छन् ।सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि आक्रमण गरेपछि सुरु भएको युक्रेनमा जारी युद्ध चाँडै अन्त्य हुने ट्रम्पले बताउँदै आउनुभएको छ तर आक्रमणमा कमी आएको देखिँदैन । हालैका हप्ताहरूमा मस्कोको निरन्तर आक्रमणलाई लिएर पुटिनसँगको सम्बनधमा ट्रम्पले निराशा व्यक्त गर्दै आउनुभएको छ ।

# राजा ताल संरक्षण तथा प्रवर्द्धन गरिने



धनकुटा । यहाँको चौबिसे गाउँपालिकास्थित राजारानी बजारसँगै रहेको जिल्लाकै एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्य पावरक (राजा) तालको संरक्षण तथा प्रवर्द्धन गरिने भएको छ।

साबिक राजारानी गाविसको नाम दुईवटा तालको नामबाट राखिएकामा हाल मावरक (रानी) ताल सहकारीमार्फत आंशिक संरक्षण भए पनि राजा ताल सिमसारमै सीमित छ।

अङ्ग्रेजी अक्षर 'भी' आकारमा करिब २२५ रोपनी बढी निजी जमिनमा फैलिएको राजारानी सिमसार क्षेत्रलाई राजा ताल निर्माण गर्न गतवर्ष आयोजित कोशी प्रदेश सरकारको लगानी सम्मेलनमा छनोटमा परेको थियो ।रु ३५ करोड लगानी प्रस्ताव गरिएको राजा ताल निर्माणका लागि आइतबार चौबिसे गाउँपालिकामा पावरक (राजा) ताल निर्माण समन्वय समिति र पावरक (राजा) ताल निर्माण सहजीकरण समिति बैठक बसेर सोमबारदेखि काम थाल्ने निर्णय भएको जनाइएको छ। लगानीकर्ताहरुले करिब रु दुई अर्ब बराबरको लगानी गरेर राजा तालको पर्यटन प्रवर्द्धन गर्ने चासो देखाएपछि काम सुरु गर्न लागिएको चौबिसे गाउँपालिकाका अध्यक्ष राजकुमार लिम्बूले जानकारी दिनुभयो।

दुवै समितिको बैठकपछि आजैदेखि ताल क्षेत्रमा पर्ने जग्गाधनीहरुसँग परामर्श गर्ने कार्यक्रम रहेको अध्यक्ष लिम्बूले जानकारी दिनुभयो ।

"जग्गाधनीहरुसँग प्रारम्भिक सर्वेक्षण डिपिआर तयार पार्ने बिषयमा हाम्रो छलफल हुनेछ", लिम्बूले भन्नुभयो ।छलफलमा, लगानीकर्ताहरुले जमिन भाडामा दिएर ताल निर्माण गर्न दिने वा उक्त आयोजनामा शेयर लिनेलगायतका विषयमा छलफल हुने जनाइएको छ।

हालसम्मको सर्वेक्षणमा राजा तालमा मात्र ८२ जना व्यक्तिको ११३ रोपनी जमिन सिमसारका रुपमा रहेको छ। उक्त स्थानमा राजा र रानी ताल क्षेत्र पूर्णरुपमा निर्माण भएमा सो क्षेत्रको पर्यटन प्रवर्द्धनबाट व्यापक रोजगारी सिर्जना हुनाका साथै पालिकाको समृद्धिमा सहयोग पुग्ने लिम्बूको भनाइ छ।

निर्माणाधीन भेडेटार-रबी-राँके राजमार्गमा रहेको यो तालसँगै यस चौबिसे गाउँपालिका क्षेत्रमा अन्य यस्तै सानाठूला ताल संरक्षणको पर्खाइमा छन् ।रासस

# जङ्गली जनावरको आतङ्कले खेतबारीमै बास

बैतडी। जङ्गली जनावरले मकैबालीलगायतका बालीनाली र तरकारी सखाप पार्न थालेपछि यहाँका किसानहरुको बास खेतबारीमै हुन थालेको छ।

बँदेल, दुम्सी, बाँदर, भालुले अन्नबाली नष्ट गर्न थालेपछि किसानहरु चिन्तित बनेका हुन्। जिल्लाका १० वटै स्थानीय तहमा जङ्गली बँदेलले मकैबालीमा क्षति पु-याउने गरेको छ। दोगडाकेदार गाउँपालिकामा जङ्गली बँदेलले मकैबाली नष्ट गरेर हैरान बनाएको स्थानीय चन्द्रसिंह विष्टले बताउनुभयो। मकैबाली जोगाउन रातदिन बारीमै बास बस्दै आएको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "रातदिन जाग्राम बस्दासमेत मकैबाली जोगाउन मुस्किल भएको छ। खेतबारीमा टहरा बनाएर पहरा दिँदा मकैबाली जोगाउन सकिएको छैन।" भर्खरै घोगा लाग्न लागेको मकैबाली बँदेलले नष्ट गर्न थालेपछि किसानहरुमा भोकमरी हुने चिन्ता छाएको पुर्चौडी नगरपालिकाका पुरनसिंह ऐरले बताउनुभयो ।रासस

# दोधारा चाँदनी सुक्खा बन्दरगाह : पूरा हुँदै डेढ दशकदेखिको सपना

दोधारा चाँदनी ।डेढ दशकअघि दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बन्ने हल्ला सुनेका कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१ का स्थानीय उत्तर भट्टलाई अहिले सपनाजस्तै लाग्छ।

महेन्द्रनगर आउतजावत गर्न समेत भारतको बाटो प्रयोग गर्नुपर्ने उहाँलाई महाकाली नदीमा पुल बन्ला र सुक्खा बन्दरगाह निर्माण होला भन्ने कल्पना समेत गर्नुभएको थिएन। "महाकालीमा किस्तीबाट महेन्द्रनगर जानुपर्थ्यो कोही बिरामी भए पनि उपचारमा समस्या हुन्थ्यो, एम्बुलेन्स आउने बाटो थिएन।" भट्टले भन्नुभयो, "अहिले घरै अगाडि छ लेनको पक्की सडक पुगेको छ नजिकै सुक्खा बन्दरगाह निर्माण सुरु भएको छ मलाई त सपनाजस्तै लाग्छ।" विसं २०२२ देखि यहाँ बस्दै आउनुभएका उहाँले विगतमा अनेक दुःख खेपेको बताउँदै अहिले महाकाली नदीमा पक्की पुल र सडक बनेपछि दोधारा चाँदनीको मुहार फेरिएको बताउनुभयो। "महेन्द्रनगर जान भारतको बाटो भएर जानुपर्थ्यो भारतीय सुरक्षाकर्मीले अनेक बहानामा दुःख दिन्थे," उहाँले भन्नुभयो, "नेताहरूले सुक्खा बन्दरगाह बन्ने आश्वासन दिएको दशक बढी भएपछि अहिले रु ७० लाखसम्म बिक्री भइरहेको छ। विसं २०६४ मा सरकारले कञ्चनपुरको दोधारा चाँदनीस्थित सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणाले यहाँका व्यवसायीले समेत तेस्रो मुलुकसँग व्यापारको ढोका खुल्ने अपेक्षा गरेका थिए।

त्रिदेशीय नाकाको सपना देखेका यहाँका व्यवसायीले १८ वर्षपछि दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बन्ने सुनिश्चितता पाएका छन। छिमेकी मुलुक भारतको रूद्रपुर सबैभन्दा ठूलो औद्योगिक क्षेत्र हो। नेपालको दोधारा चाँदनीदेखि ९० किलोमिटर टाढा रहेको उक्त औद्योगिक क्षेत्र पुग्न दुई घण्टा लाग्छ। यति छोटो दूरीमा रहेको औद्योगिक क्षेत्रसँग सुदूरपश्चिमले अहिलेसम्म व्यापारिक कारोबार गर्न पाएको छैन। त्यसकारण पनि दोधारा चाँदनीमा बन्ने सुक्खा बन्दरगाह निर्माणसँगै यस क्षेत्रको व्यापार विस्तारको ढोका खुल्ने यहाँका व्यवसायीहरू बताउँछन्।

"दुई घण्टाको दूरीमा रहेको भारतको सबैभन्दा ठूलो औद्योगिक क्षेत्रबाट वस्तु आयात गर्दा ३०० किलोमिटर घुमाएर यहाँ ल्याउनपर्ने बाध्यता जसकारण यातायातमै महँगो शुल्क तिर्नुपर्ने बाध्यता छ," उद्योग



हामीलाई यसरी विकास होला भन्ने लागेको थिएन।" उहाँले घर नजिकै बन्दरगाह निर्माण हुने भएपछि यहाँको उत्पादनले बजार पाउने अपेक्षा गरेको बताउनुभयो।

दोधारा चाँदनी-१ का स्थानीय डम्बर धामीका एक छोरा रोजगारीका लागि भारतको बेग्लोरमा छन्। बन्दरगाह निर्माणपछि छोरोले घर छेउमै रोजगारी पाउने उहाँको आशा छ। "बन्दरगाह बनेपछि घरमै पसल राखे पनि राम्रो चल्छ, भारत जनुपर्दैन।" उहाँले भन्नुभयो, "अहिले यहाँ धेरै मानिसको आवतजावत पनि बढेको छ।" उहाँले महाकाली नदीमा पक्की पुल र सुक्खा बन्दरगाहसम्म छ लेनको पक्की सडक बनेपछि यहाँको जग्गाको मूल्य समेत बढेको बताउनुभयो।

विगतमा रु एक/दुई लाखमा बिक्री हुने यहाँको जग्गाको मूल्य

वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले भन्नुभयो, "बन्दरगाह निर्माणपछि सुदूरपश्चिम मात्रै नभई मुलुककै आर्थिक समृद्धि हासिल गर्न ठूलो सहयोग पुग्छ।" उहाँले अहिले रूपैडियासँगै भैरहवा र वीरगञ्ज नाका प्रयोग गरेर भारतको रूद्रपुर औद्योगिक क्षेत्रमा आयात/निर्यात हुने गरेको बताउनुभयो। "सुदूरपश्चिममा जडीबुटीलगायतका थुप्रै सम्भावना छन् बन्दरगाह निर्माणपछि हामीले तेस्रो मुलुकसँग पनि व्यापार गर्न सहज हुन्छ", उहाँले भन्नुभयो, "यसले वस्तुको लागत त घट्छ नै रोजगारीका सम्भावना समेत खुल्छन्।" उहाँले भारतको राजधानी नयाँदिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रूद्रपुरसम्म सहज पहुँच हुने हुँदा सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने बताउनुभयो ।रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.प.म.न.पा. वडा नं. १५ घर बस्ने श्री केवल साह को नाती, श्री पन्चलाल साह को छोरा वर्ष ७३ को श्रीबासुदेव प्रसाद बिमलको मिति २०८२/०३/१८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४१२०४० मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती शैल कुमारी देवी सुडीले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर- २, धनुषा**
**फोन ०४१-५९०२६०/५९०२६१**



## धितोमा रहेको अचल सम्पत्ति बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री तथा गैह्र बैंकिङ्गमा दा.खा. हुने बारेको १५ दिने सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर समयमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक-पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज आदि नतिर्ने ऋणीहरुको लिलामीको सूचना प्रकाशित गर्दा पनि कर्जाको साँवा, ब्याज तथा हर्जाना ब्याज भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६ औं दिनमा यसै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत तथा ब्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराउँदछौ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुवाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता, धितो जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ। साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सुचना केन्द्रमा कालो सुचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सुचनाद्वारा अवगत गराईन्छ।

<table>
<tr><td>१. कर्जा नं.<br>००१०३१०००१<br>२०३५००००२<br>व्यापार</td><td>ऋणीको नाम : एस. एस. कन्सट्रक्सनको प्रो.सुमन कुमार लाल कर्ण<br>बाजेको नाम : श्री उदित नारायण लाल<br>बुवाको नाम : रामसुन्दर लाल कर्ण<br>जिल्ला महोतरी , औरही न.पा. - ०१</td><td>निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला महोतरी, गा.वि.स., औरही वार्ड नं-४ को कि.नं ४३६ को क्षेत्रफल ०-१-११-० घर जग्गा र लिगलगा पात समेत।</td></tr>
<tr><td>२. व्यापार कर्जा नं.<br>००१०३१००००<br>६६४१००००२</td><td>ऋणीको नाम : हाई अटो को प्रो. अरविन्द कुमार साह,<br>बाजेको नाम : हरि देव प्रसाद साह<br>बुवाको नाम : राम प्रसाद साह<br>जि. धनुषा, जनकपुर - ४ (लक्की फाउन्डेशन स्कुलको छेउमा )</td><td>निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि.ध. जनकपुर न.पा.वडा नं.४ सिट न.१३९५२५ कि.नं.४७० को क्षेत्रफल ०-०-९-२ घरजग्गा समेत र ऐ.ऐ. जि.महोत्तरी गा.वि.स..मटीहानी वडानं.८ कि.नं.४६९ को क्षेत्रफल ०-१-६.७५-० जग्गा र लिग लगापात समेत।</td></tr>
<tr><td>३. कर्जा नं.<br>००१०३२००००<br>६४७७००००२<br>उधोग</td><td>ऋणीको नाम : जय माँ सोनामाई फिक्सईटा उधोग को प्रो. विजय कुमार यादव<br>बाजेको नाम : लक्ष्मी यादव<br>बुवाको नाम : जगदिश यादव<br>जिल्ला -महोतरी -औरही न. पा.-४ हाल वार्ड-२,<br>धनजमानीकर्ता – जगदीश यादव<br>जिल्ला -महोतरी -औरही न. पा.-४ हाल वार्ड - २<br>धनजमानीकर्ता – रामकली देबी<br>जिल्ला -महोतरी -औरही न. पा.-४ हाल वार्ड - २</td><td>निज ऋणीको बुबा जगदीश यादव नाम को जिल्ला महोतरी, औरही वार्ड ४ को कि.नं. ५१६ को क्षेत्रफल ०-२-२.५-० र ऋणी को आमा रामकली देबी नामको जिल्ला महोतरी , औरही वार्ड ४ को कि.नं १७२ को क्षेत्रफल ०-१-०-० , घर जग्गाहरु र लिगलगा पात समेत।</td></tr>
<tr><td>४. कर्जा नं.<br>००१०३१००००६<br>४०४००००२<br>व्यापार</td><td>ऋणीको नाम : ए. सि. सि. कन्सट्रक्सन को प्रो. हुकुमदेव साह<br>बाजेको नाम : सिताराम साह<br>बुवाको नाम : बलिराम साह सुडी<br>जिल्ला धनुषा, मानसिंहपट्टी २, हाल जि. धनुषा, जनकपुरधाम उप.म.न.पा. १७, मनहरपुर</td><td>निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, मानसिंहपट्टी वार्ड नं-३ को सिट नं. ३ को कि.नं ९९९ को क्षेत्रफल ०-०-१५-० को जग्गा र लिगलगा पात समेत।</td></tr>
<tr><td>५. कर्जा नं.<br>००१०३१००००६<br>७०२००००२<br>व्यापार</td><td>ऋणीको नाम : सिता ट्रेडर्स को प्रो. अरविन्द कुमार यादव<br>बाजेको नाम : विकरु यादव<br>बुवाको नाम : राम लोचन यादव<br>जि.ध. बालावाखर -३<br>हाल : जि. ध., जनकपुरधाम उप म.न.पा. -९ ( मुसहरी टोल)<br>धनजमानीकर्ता– अरुण कुमार यादव<br>जिल्ला-धनुषा, बालावाखर -३<br>हाल : जि.ध. जनकपुरधाम उप म.न.पा. -९ ( मुसहरी टोल)</td><td>निज ऋणीको भाई अरुण कुमार यादवको नाउँमा दर्ता कायम रहेको जि. धनुषा, गोविन्दपुर वडा नं. ५क कित्ता नं. ७८१ को क्षेत्रफल ०-३-४-० र निज ऋणीको नाउँको दर्ता कायम रहेको जि. ध. जनकपुरधाम न.पा. वडा नं. -९ सिट नं. १३१६२२ कित्ता नं. ८० को क्षेत्रफल ०-०-५-० घर जग्गाहरु र लिगलगा पात समेत।</td></tr>
<tr><td>६क. व्यापार कर्जा नं.<br>००१०३१०००१<br>३५६८००००२<br><br>ख. व्यापार कर्जा नं.<br>००१०३१०००१<br>२१३१००००२<br>ग. व्यापार कर्जा नं.<br>००१०३१०००१<br>३५६९००००२</td><td>ऋणीको नाम : सोनालि आयरण एण्ड जेनरल सप्लायर्स को प्रो. राज कुमार माझी<br>बाजेको नाम : रामप्रित माझी<br>बुवाको नाम : ब्रहम्देव माझी<br>ऋणीको नाम : सोनालि आयरण स्टोर्स को प्रो. अशोक कुमार माझी<br>बाजेको नाम : रामप्रित माझी<br>बुवाको नाम : ब्रहम्देव माझी<br>ऋणीको नाम : सोनु शिवम गल्ला भण्डार को प्रो. राज नारायण माझी<br>बाजेको नाम : रामप्रित माझी<br>बुवाको नाम : ब्रहम्देव माझी<br>जि. धनुषा , कुर्था - ९, ज.उ.म.न.पा.(२१ हाल जि. महोत्तरी, मटिहानी - ७<br>धनजमानीकर्ता – ब्रहम्देव माझी<br>हाल जि. महोत्तरी, मटिहानी - ७</td><td>निज ऋणी को बुवा ब्रहम्देव माझी को नाउँमा दर्ता कायम रहेको जि.धनुषा कुर्था वडा नं.९ कित्ता नं.१९२ को क्षेत्रफल ०-१-८-०, ऐ.ऐ. कित्ता नं.१०८३ को क्षेत्रफल ०-१६-०-० र ऐ.ऐ. कित्ता नं.१४१ को क्षेत्रफल ०-५-१२-० जग्गाहरु र लिगलगा पात समेत।<br><br>ऐ. ऐ.<br><br>ऐ. ऐ.</td></tr>
<tr><td>७. व्यापार कर्जा नं.<br>००१०३१०००१<br>३५५२००००२</td><td>ऋणीको नाम : राजश्री किराना स्टोर्स को प्रो. बेचन मण्डल<br>बाजेको नाम : चुल्हाई मण्डल<br>बुवाको नाम : राज कुमार मण्डल<br>जिल्ला धनुषा, गा.बि.स. दुबारीकोट हथलेटवा वाडा नं. - ९<br>हाल जि. ध., ढल्केवर वडा नं. - ६<br>धनजमानीकर्ता – रेखा कुमारी<br>हाल जि. ध., ढल्केवर वाडा नं. - ६</td><td>निज ऋणीको पत्नी रेखा कुमारीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनषा, गा.वि.स., ढल्केवर वडा नं २।क कित्ता नं. ५५३ को ०-०-१६-०३ जग्गा र लिगलगा पात समेत।</td></tr>
<tr><td>८. व्यापार कर्जा नं.<br>००१०३१००००<br>६४८३००००२</td><td>ऋणीको नाम : सरस्वती स्टोर्स को प्रो. देव शंकर साह,<br>बाजेको नाम : जिया लाल<br>बुवाको नाम : रामजी साह<br>जि. महोत्तरी, मटीहानी न.पा.- ६</td><td>निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि.म. मटीहानी न.पा.वडा नं.६ सिट न.१७५०१८९११ कि.नं.६३ को क्षेत्रफल ७९.४ वर्ग मिटर, ऐ.ऐ. जि. महोत्तरी मटीहानी न.पा. वडा नं.६ कि.नं. ६६ को क्षेत्रफल १३३.४० वर्ग मिटर घर जग्गाहरु र लिगलगा पात समेत।</td></tr>
<tr><td>९. व्यापार कर्जा नं.<br>००१०३१००००<br>६५७००००००२</td><td>ऋणीको नाम : इशु इन्टरप्राईजेज को प्रो. रीना साह<br>ससुराको नाम : रामचन्द्र साह सुडी<br>पतिको नाम : गोविन्द राज साह<br>जि. धनुषा, जनकपुरधाम उप म.न.पा. - २ (कदम चौक)<br>धनजमानीकर्ता – रामचन्द्र साह सुडी<br>जि. धनुषा, जनकपुरधाम उप म.न.पा. - २ (कदम चौक)</td><td>निज ऋणी को ससुरा रामचन्द्र साह सुडी को नाउँमा दर्ता कायम रहेको घरजग्गाहरु र लिगलगा पात समेत।
<table>
<tr><th>ग.पा.,न.पा</th><th>वडा नं.</th><th>सिट नं.</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>जनकपुर न.पा</td><td>२</td><td>१३९६-०८</td><td>५५</td><td>०-०-३.५-०</td></tr>
<tr><td>जनकपुर न.पा.</td><td>२</td><td>१३९६-०८</td><td>६६</td><td>०-०-३-२</td></tr>
<tr><td>जनकपुर न.पा.</td><td>२</td><td>१३९६-०८</td><td>५८</td><td>०-०-४.५-०</td></tr>
<tr><td>जनकपुर न.पा.</td><td>२</td><td>१३९६-०८</td><td>६२</td><td>०-०-०-०<br>४.२३ व.मि</td></tr>
<tr><td>जनकपुर न.पा.</td><td>२</td><td>१३९६-०८</td><td>६३</td><td>०-०-१-०</td></tr>
<tr><td>जनकपुर न.पा.</td><td>२</td><td>१३९६-०८</td><td>६१</td><td>०-०-२-२</td></tr>
</table></td></tr>
<tr><td>१०क. व्यापार कर्जा नं.<br>००१०३१००००<br>६७४२००००२<br><br>र<br><br>ख. व्यक्तिगत कर्जा नं.<br>००१०४६००००<br>६७६४००००२</td><td>ऋणीको नाम : प्रदिप हार्डवेयर स्टोर्स को प्रो. प्रदिप कुमार महरा<br>बाजेको नाम : नथुनी महरा<br>बुवाको नाम : किसुन देव महरा<br>जि. धनुषा ,गा.पा. भुचक्रपुर वडा नं.-०२ हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक)<br>ऋणीको नाम : प्रदिप कुमार महरा<br>बाजेको नाम : नथुनी महरा<br>बुवाको नाम : किसुन देव महरा<br>धनजमानीकर्ता – किसुन देव महरा<br>जि. धनुषा ,गा.पा. भुईचक्रपुर वडा नं.-०२ हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक)<br>धनजमानीकर्ता – दुलारी देवी महरा<br>जि. धनुषा ,गा.पा. भुईचक्रपुर वडा नं.-०२<br>हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक)</td><td>निज ऋणीको बुवा किसुन देव महरा को नाउँमा रहेको जि. ध. गा.पा. भुचक्रपुर वडा नं.-२ किता नं-६९३ को क्षेत्रफल ०-५-०-० र जिल्ला महोत्तरी गा.पा. भँगहा वडा नं.-१ को किता नं.२८० को क्षेत्रफल ०-१०-०-० जग्गाहरु र लिगलगा पातसमेत।<br>निज ऋणीको हजुर आमा दुलारी देवी महराको नाउँमा रहेको जि. ध. भुचक्रपुर वडा नं.-.२ किता नं. ५२८ को क्षेत्रफल ०-३-०-० घरजग्गा र लिगलगा पातसमेत।<br>ऐ. ऐ.</td></tr>
<tr><td>११. व्यक्तिगत कर्जा नं.<br>००१०४६००००<br>६६१००००००२</td><td>ऋणीको नाम : राम कुमार पासमान<br>बाजेको नाम : दुखाई पासमान<br>बुवाको नाम : शशिबरण पासमान<br>जि. म., गा.वि.स. धिरापुर वडा नं. ४<br>हाल : जि. महोत्तरी, मटिहानी न.पा. ०२ धिरापुर<br>धनजमानीकर्ता – शशिबरण पासमान<br>जि. म., गा.वि.स. धिरापुर वडा नं. ४<br>हाल : जि. महोत्तरी, मटिहानी न.पा. ०२ धिरापुर</td><td>निज ऋणी को बुबा शशिबरण पासमान को नाउँमा दर्ता कायम रहेको जग्गाहरु लिगलगा पात समेत।
<table>
<tr><th>गा.पा.,न.पा.</th><th>वार्ड नं.</th><th>सिट नं.</th><th>कि.नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>धिरापुर</td><td>४</td><td>४</td><td>६०३</td><td>०-०-१८-०</td></tr>
<tr><td>धिरापुर</td><td>४</td><td>"</td><td>१२४०</td><td>०-०-९-०</td></tr>
</table></td></tr>
<tr><td>१२. व्यक्तिगत कर्जा नं.<br>००१०४६००००<br>४८१३००००३</td><td>ऋणीको नाम : देव सुनैर देवी हजाम<br>ससुराको नाम : सोनाई ठाकुर हजाम<br>पतिको नाम : शिवु ठाकुर हजाम<br>जि. धनुषा नक्टाझिज - ३<br>हाल जि. धनुषा मिथिला न.पा. - २ विश्वकर्मा चौक</td><td>निज ऋणी देव सुनैर देवी हजामको नाउँमा दर्ता कायम रहेको जि. धनुषा गा. वि. स. नक्टाझिज वार्ड नं. २ को किता नं. ६७४ को क्षेत्रफल ०-०-१८-८ मा रहेको घर जग्गा र लिगलगा पात समेत।</td></tr>
<tr><td>१३. व्यक्तिगत कर्जा नं.<br>००१०४६००००<br>६७३१००००२</td><td>ऋणीको नाम : अर्चना कुमारी पासवान<br>ससुराको नाम : लक्षमण पासवान<br>पतिको नाम : शिव पासवान<br>जि. धनुषा, देवडिहा -०३,<br>हाल : जि. धनुषा , नगराईन न. पा. -०८ (अकौरा टोल )</td><td>निज अर्चना कुमारी पासवान को नाउँमा दर्ता कायम रहेको जग्गाहरु तथा लिगलगा पात समेत।
<table>
<tr><th>गा.पा.,न.पा.</th><th>वडा नं.</th><th>सिट नं.</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>देवडिहा</td><td>३</td><td>३ क</td><td>५२</td><td>०-०-१२-०</td></tr>
<tr><td>"</td><td>"</td><td>"</td><td>५२१</td><td>०-०-४-०</td></tr>
<tr><td>"</td><td>"</td><td>"</td><td>५२०</td><td>०-०-४-०</td></tr>
<tr><td>"</td><td>"</td><td>"</td><td>५४</td><td>०-०-८-०</td></tr>
</table></td></tr>
<tr><td>१४. गृह निर्माण कर्जा नं.<br>००१०४१००००<br>६१०८००००२</td><td>ऋणीको नाम : ईस्लाम कवाडी<br>बाजेको नाम : बद्री कवाडी<br>बुवाको नाम : खुरसैन कवाडी<br>जि. महोत्तरी, धिरापुर - ८<br>हाल मटिहानी न.पा. - १<br>धिरापुर सिरसिया टोल<br>धनजमानीकर्ता – सबुजा खातुन<br>जि. महोत्तरी, धिरापुर - ८<br>हाल मटिहानी न.पा. - १<br>धिरापुर सिरसिया टोल</td><td>निज ऋणीको पत्नि सबुजा खातुनको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी. गा. वि.स. धिरापुर वार्ड नं. ४ कित्ता नं. १०१९ को क्षेत्रफल ०-०-१०.२५-०, ऐ ऐ किता नं. ११० को क्षेत्रफल ०-०-८-० घरजग्गा र लिगलगा पात समेत।</td></tr>
<tr><td>१५. विपन्न वर्ग कर्जा नं.<br>००१०४३०००१<br>२०५७००००३</td><td>ऋणीको नाम : मो. सफिक लहेरी<br>बाजेको नाम : जलिल लहेरी<br>बुवाको नाम : सकुर लहेरी<br>जि. महोत्तरी मटिहानी - ७</td><td>निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी मटिहानी वार्ड नं. ७ किता नं. २५८ क्षेत्रफल ५१ वर्गमिटर घरजग्गा, ऐ. ऐ. वार्ड नं. ९क किता नं. ९३० को क्षेत्रफल ०-०-१२-०, ऐ. ऐ. वार्ड नं. ७ ख किता नं. १००६ क्षेत्रफल ०-०-११-० जग्गाहरु र लिगलगा पात समेत।</td></tr>
</table>

**शर्तहरू :**

१. सिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको कार्यालयमा, कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रबालाको सम्पुर्ण बिबरण (नाम, ठेगाना) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र " समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको प्रभु बैंक लि., जनकपुर शाखाको हिसाव नं.०५३००२२००८००००१२ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम दिन र बोलपत्र खोल्ने दिन वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र खोल्ने मिति :२०८२ साल भाद्र ०४ गते बुधवारका दिन दिउंसो ३:००बजे ।**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
**JANAKI FINANCE COMPANY LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था, प्रदेश स्तरीय (मधेश प्रदेश)
**सम्पर्क नं. ०४१-५९०५८७ र ८८**

# तीर्थयात्री चढेको गाडी दुर्घटनाः १६ जना घाइते, एकको मृत्यु



**टुडे समाचारदाता**

लहान । खोटाङको हलेसी तुवाचुङ नगरपालिका-१ को बाहुनीडाँडास्थित डौँठेखोलामा भएको माईक्रोबस दुर्घटनाका मृतक तथा घाइतेको पहिचान खुलेको छ । धार्मिकस्थल हलेसी दर्शन गरेर सोमबार सिरहाको गोलबजारतर्फ फर्किंदै गरेको प्रदेश २-०१-००१ ज ००५३ नम्बरको माईक्रोबस अनियन्त्रित भइ सडकदेखि करिब २०० मिटर तल खस्दा एक जनाको मृत्यु र १७ जना घाइते भएका थिए ।

सो दुर्घटनामा परी सिरहा नराह गाउँपालिका-५ का २८ वर्षीया ममतादेवी यादवको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ । दुर्घटनाग्रस्त माईक्रोबसभित्रै च्यापिनु भएका ममतादेवीलाई उपचारका लागि उदयपुरको कटारी अस्पताल पुर्‍याइएकामा अस्पतालले मृत घोषणा गरेको छ ।

घाइते हुनेमा सोही स्थानका ७० वर्षीय राजु यादव, ४९ वर्षीया सरितादेवी ठाकुर, ३२ वर्षीया सविताकुमारी यादव, ४० वर्षीया मिथिलाकुमारी यादव, ३० वर्षीयाा पुनम यादव, ३२ वर्षीया लक्ष्मी शर्मा, ३२ वर्षीय नदिन शर्मा, झालुदेवी यादव र सोही गाउँपालिकाको वडा नं. २ चन्द्र अयोध्यापुरका ५७ वर्षीय धनेश्वर यादव तथा धनुषा जिल्ला सबेला नगरपालिका-४ स्थित पटेर्वाका ७९ वर्षीय दुर्योधन यादव रहेका छन् । उनीहरु सबैजनालाई प्राथमिक उपचारपछि थप उपचारका लागि एम्बुलेन्समार्फत राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डु पठाइएको सिरहा प्रहरीले जनाएको छ

सो दुर्घटनामा सामान्य घाइतेहरुको उदयपुर घुर्मीस्थित जनसेवा पोलिक्लिनिकमा प्राथमिक उपचारपछि डिस्चार्ज गरिएको छ । माइक्रोबसका चालक सिरहा नगरपालिका-३ स्थित सारसोरका २८ वर्षीय रामनाथ साह फरार छन् । उनको खोजी भइरहेको इलाका प्रहरी कार्यालय हलेसीका प्रहरी निरीक्षक हेमन्त राईले जानकारी दिए ।

# साढे सात लाख जनाले गरे स्वास्थ्य बीमा

**बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमै पठाएर नागरिकलाई बीमामा सहभागी गराउने अभियानमा रहेको प्रदेश संयोजक कुशवाहाले बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा स्वास्थ्य बीमा गराउनेको संख्या सात लाख ५० हजारभन्दा बढी पुगेको जनाएको छ ।

सरकारले नागरिकलाई सहज र सुलभ रूपमा सरकारी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गराउन ल्याएको यस कार्यक्रमअन्तर्गत यही साउन १६ गतेसम्म प्रदेशका आठै जिल्लाबाट सात लाख ७९ हजार दुई सय ६५ जनाले स्वास्थ्य बीमामा आवद्ध भएको स्वास्थ्य बिमा बोर्डका मधेश प्रदेशका संयोजक रामेन्द्रप्रसाद कुशवाहाले बताए ।

यससँगै प्रदेशमा बिमा गराउनेको संख्या करिब १३ प्रतिशत पुगेको उनले दाबी गरे ।

मधेश प्रदेशमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार ६१ लाख १४ हजार छ सय कूल जनसंख्या रहेको छ । स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रयास भइरहेको उनको भनाइ छ ।



मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा मधेशका शहीद परिवारलाई निःशुल्क बीमा गरिएको जनाइएको छ । गत आर्थिक वर्षमा प्रदेश सरकारले विनियोजन गरेको ४० लाख रुपैयाँले केही शहीद परिवारलाई बीमामा आवद्ध गरिएको उनले बताए । सबै शहीद परिवारको पहिचान गर्न नसकिएर, ठेगाना यकिन गर्न नसकेर र कतिपय परिवार बसाइँसराइ गरेर गएकाले पूर्णरूपमा शहीद परिवारलाई बिमामा समावेश गर्न कठिन भएको उनले बताए ।

उनले सरकारले सञ्चालनमा ल्याएका आधारभूत अस्पताललाई बिमा सेवाअन्तर्गत ल्याउने प्रयास भइरहेको बताए । यसका साथै क्यान्सर, मुटु रोग, डायलासिस, हेड इन्जुरी, स्पाइनल इन्जुरी जस्ता जटिल रोगका बिरामीका लागि प्रमाणको आधारमा थप रु एक लाखको बिमा सीमा थप गरिएको उनले बताए ।

नियमित नवीकरण गरिएकामा भुक्तानी शुल्कमा सहुलियत व्यवस्था पनि गरिएको छ । प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम २०७३ सालदेखि शुरु भएको छ भने २०७५ सालबाट आठ वटै जिल्लामा विस्तार गरिएको थियो ।

बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमै पठाएर नागरिकलाई बीमामा सहभागी गराउने अभियानमा रहेको प्रदेश संयोजक कुशवाहाले बताए ।

# 'धार्मिक पर्यटन मधेस प्रदेशको समृद्धिको आधार हो'



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले धार्मिक पर्यटन मधेसको समृद्धिको मुख्य आधार भएको बताएका छन् । साउने सोमबारीको अवसरमा महोत्तरीको बर्दिबास-५ स्थित टुटेश्वरस्थित टुटेश्वरनाथ महादेवको दर्शनपछि सोमाबर मुख्यमन्त्री सिंहले धार्मिक पर्यटन मधेशको कृषिपछिको आर्थिक समृद्धिको मुख्य आधार बन्ने बताए ।

मुख्यमन्त्री सिंहले भने, ' मधेश प्रदेशका कोशीदेखि ठोरीसम्म प्रसिद्ध धार्मिकस्थल छन्, हामीले यहाँ पर्यटन प्रवर्द्धन केन्द्रित पूर्वाधार निर्माण र सम्पदाको संरक्षण गर्न पर्दछ', सिंहले भने, 'मधेश प्रदेश सरकार यिनको विकास र सम्वर्द्धनप्रति प्रतिवद्ध छ ।' महोत्तरीका टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान र राइमण्डल धाम क्षेत्रमा प्रदेश सरकारको चासो यसबीचमा थालिएका कामबाट देखिने उनले बताए ।

महोत्तरीका टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान र राइमण्डलधाम सघन वन क्षेत्रभित्र चुरे पर्वत श्रेणीका काखमा भएका हुँदा भौगोलिक र प्राकृतिक रूपले रमणीय ठाउँ भएको उनले बताए । मधेश प्रदेश सरकारले आफ्नो भूगोल क्षेत्रका पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय सरकारसँग हातेमालो गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

टुटेश्वरनाथ र पञ्चधुरा माईस्थानको दर्शनपछि मुख्यमन्त्री सिंहले पूर्वाधार निर्माणका कामको समेत अवलोकन गरेका थिए ।

# मलखादको अभाव नरहेको दाबी

**टुडे समाचारदाता**

लहान । करिब तीनदेखि लगातार वर्षा हुन थालेपछि रोपाइँ गरिसकेको खेतमा मल छर्न किसानले मलखादको माग गरिहेका छन् । माग अनुसारको मलखाद वितरण भइरहेको कृषि सामग्री कम्पनि लिमिटेड शाखा लहानले जनाएको छ ।

शाखा प्रमुख दीपराज पौडेलले सिराहा जिल्लाको १७ वटा पालिकाहरूमा १२५ कृषि सहकारीलाई दोस्रो पटकको डिएपी र युरिया मल वितरण भइरहेको जानकारी दिए । दोस्रो पटक साउन महिनामा डिएपी ९३९ मेट्रिक टन, युरिया एक हजार ०२७ मेट्रिक टन मल खाद आइपुगेको उनले बताए । यसअघि असार महिनामा ८१५ मेट्रिक टन डिएपी एक हजार ०१४ मेट्रिक टन युरिया आएको थियो । दोस्रो पटक आएको मलखाद्य वितरण सकिएपछि तेस्रो चरणको मल पनि आउने भएकोले आपूर्ति सहज छ ।



नवराजपुर गाउँपालिकामा रहेका कृषि सहकारीले मलखाद्य उपलब्ध नगराउने मलखाद लिन गएपछि आएको मलखाद सकिएको जवाफ दिएपछि कम्पनि लिमिटेडको कार्यालयमा रहेको जनाइएको छ । त्यस्तै सखुवनन्कारकट्टी गाउँपालिकामा रहेको कृषि सहकारीले राजनीतिक आस्थाको आधारमा मल वितरण गरिरहेको र सर्वसधारण किसानले पाउन नसकिरहेको गुनासो स्थानीय भोगेन्द्र यादव बताए । शिवनाथ यादव र भोगेन्द्र यादव जस्तै गुनासो गर्ने किसानहरूको संख्या उल्लेख रहेको उनले बताए ।

यही जिज्ञासा कम्पनी लिमिटेड शाखा प्रमुख पौडेलसँग राख्दा उनले भने, "कृषि सहकारीहरूले मलखादको वितरणमा पारदर्शीता नीति अवलम्बन नगरेको व्यापक गुनासोको आधारमा साउन १८ गते सिराहा नगरपालिकामा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा अनुगमन गर्दा केही सहकारीको मल बजारमा बढी मूल्यमा बिक्री गरेको भेटिएको छ । सिराहा नगरपालिका प्रमुख डा. नवीनकुमार यादवले ६०० बोरा मल एउटै हनुमानबाबा सहकारीबाट बिक्री भएको पाएको छ । यस्तो समस्या नवराजपुर भगवानपुर गाउँपालिकाबाट समेत आएको छ ।"

दोस्रो पटक आएको अठार हजार ६०० बोरा डिएपी मल लहान नगरपालिकाले दुई हजार ०९० बोरा, धनगडीमाई नगरपालिकाले एक हजार ५५५ बोरा, गोलबजार नगरपालिका एक हजार ५१० बोरा, कल्याणपुर नगरपालिका एक हजार ४७० बोरा, सिराहा नगरपालिका दुई हजार २०० बोरा, सुखीपुर नगरपालिका एक हजार २९० बोरा, मिर्चैया नगरपालिका एक हजार २९० बोरा, कर्जन्हा नगरपालिका ७५० बोरा, लक्ष्मीपुर पतारी गाउँपालिका ८७० बोरा, अर्नमा गाउँपालिका ७५० बोरा, सखुवानन्कारकट्टी गाउँपालिका ६७० बोरा, भगवानपुर गाउँपालिका ६३० बोरा, नवराजपुर गाउँपालिका ७१० बोरा, बरियारपटी गाउँपालिका ९५० बोरा, औरही गाउँपालिका ८१० बोरा, नरहा गाउँपालिका ५५० बोरा र विष्णुपुर गाउँपालिकालाई ५१० बोरा वितरण गरिएको उनले बताए ।

# कक्षा १२ को नतिजा सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । कक्षा १२ को नतिजा सोमबार सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डको बैठकले नतिजा सार्वजनिक गर्ने निर्णय गरेको थियो ।

बोर्डले जनाए अनुसार




परीक्षामा सहभागीमध्ये ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । गत वर्ष ५२ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका थिए । अंग्रेजी, लेखा, सामाजिक र नेपालीमा धेरै विधार्थी फेल(ननग्रेड) भएको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । यस पटक नतिजा राष्ट्रिय परीक्षा बोर्ड र नेपाल टेलिकमको वेबसाइटबाट हेर्न सकिने व्यवस्था मिलाइएको छ ।

गत वैशाखमा देशभर सञ्चालित कक्षा १२ को परीक्षामा ५ लाख ११ हजार परीक्षार्थी सहभागी थिए । नियमिततर्फ ३ लाख ९५ हजार र आंशिक १ लाख १५ हजार परीक्षार्थी छन् । ५ हजार २ सय २ विद्यालयका विद्यार्थीलाई कक्षा १२ को परीक्षा दिन १ हजार ५ सय ९१ परीक्षा केन्द्र तोकिएको थियो । जसमध्ये जापानस्थित एभरेस्ट स्कुलबाट ३८ जना विद्यार्थी पनि परीक्षामा सहभागी थिए । ७७ जिल्लामध्ये थोरै मनाङबाट ४५ जना र काठमाडौंबाट ६८ हजारले परीक्षा दिएका थिए । मनाङ/मुस्ताङमा १/१ वटा र काठमाण्डुमा सबैभन्दा धेरै १ सय ६२ वटा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो ।

नेपाल शिक्षक महासंघको शैक्षिक हडतालसहितको काठमाण्डु केन्द्रित सडक आन्दोलनले वैशाख ११ गतेदेखि तोकिएको परीक्षा १० दिन पछाडि सरेको थियो । जेठ २ गते परीक्षा सकिएपछि उत्तरपुस्तिका परीक्षण लगायतको काम शुरु भएको थियो । प्रत्येक विषयमा सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी नतिजा प्रकाशनमा ननग्रेडिङ हुने लेटर ग्रेडिङ निर्देशिका २०७८ ले व्यवस्था गरिएको छ ।

त्यसैगरि राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा दिएका १७ जनाको परीक्षाफल रद्द गरिएको जनाएको छ ।

बोर्डले नतिजा सार्वजनिक गर्न गेरेको पत्रकार सम्मेलनमा अध्यक्ष महाश्रम शर्माले १७ जनाको परीक्षाफल रद्द गरिएको जानकारी दिए ।

नियमित तर्फ ११ र आंशिक तर्फ ६ जना गरी कुल जम्मा १७ जनाको परीक्षा रद्द भएको उनको भनाइ छ । अमर्यादित गतिविधि गर्नेहरूको परीक्षाफल रद्द भएको बताइएको छ ।

त्यस्तै कक्षा १२ को पूरक परीक्षा आगामी भदौं २८ र २९ गते सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार नतिजा सार्वजनिक गर्दै पूरक परीक्षाबारे समेत जानकारी दिएको छ । आगामी भदौं २८ र २९ गते पूरक परीक्षा(ग्रेड वृद्धि) हुने बोर्डका अध्यक्ष महाश्रम शर्माले बताए ।

कक्षा १२ को परीक्षा गत वैशाख २१ गते देखि सञ्चालन गरिएको थियो ।

# बागमती नदीमा डुबेर तीन जनाको मृत्यु, एकको उद्धार

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-१ नुनथरस्थित बागमती नदीमा पौडी खेल्ने क्रममा डुबेर तीन जना भारतीय नागरिकको मृत्यु भएको छ भने एक जनालाई उद्धार गरिएको छ ।

रौतहट प्रहरीका अनुसार पहिलो घटना साउन १६ गते साँझ ५ बजे घटेको हो । भारत बिहार राज्यको सितामढी जिल्ला, मुसहरी ग्रामपंचायत वड नं. ९ का १४ वर्षीय पवन कुमार साह र २२ वर्षीय निलम कुमार राजवंशी बागमती नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका थिए । पवनको शव साउन १७ गते र निलमको शव साउन १९ गते फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



दोस्रो घटना गत १७ गते बिहान ७:३० बजे बिहारको कटिहार जिल्लाबाट आएका ३० वर्षीय रोहित कुमार सिंह बागमती नदीमा डुबेर बेपत्ता भएका थिए । मादक पदार्थ सेवन गरेर नदीमा पसेका रोहितको शव साउन १९ गते फेला परेको प्रहरीले जनाएको छ ।

तीनै घटनामा सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण, रौतहटको विपद् व्यवस्थापन टोली सक्रिय रह्यो। टोलीले खोज तथा उद्धार कार्य सम्पन्न गरी मृतकका शव आवश्यक कानुनी प्रक्रिया पूरा गरी परिवारको जिम्मा लगाएको हो ।

यसैबीच, गत १७ गते साँझ ५:४५ बजे सोही स्थानमा भारतको कटिहार जिल्ला भुटा थानाका ४५ वर्षीया सविता महतोले आत्महत्या गर्न बागमती नदीमा हाम फालेकी थिइन् । उनलाई सशस्त्र प्रहरीको टोलीले स्थानीयवासीको सहयोगमा जिउँदै उद्धार गरी श्रीमानको जिम्मा लगाइएको छ । सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतको नेतृत्वमा विपद् उद्धार टोलीले हालसम्म बागमती नदी तथा विभिन्न घटनामा ६ जनालाई खोजी कार्य सफलतापूर्वक सम्पन्न गरेको रौतहट गणले जनाएको छ ।

# कालीमाटीमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न, सयौं लाभान्वित

**टुडे समाचारदाता**

रौतहट । प्रभु साह नेतृत्वको आम जनता पार्टी निकट आम उद्योग वाणिज्य संघद्वारा आयोजित "निःशुल्क स्वास्थ्य शिविर" कालीमाटीस्थित भोलेनाथ काँवरिया संघको आयोजनामा सम्पन्न भएको छ ।

स्वास्थ्य सेवा कार्यक्रम संघका राजकुमार साह कलवार तथा कार्यकारिणी अध्यक्ष चुनुलाल जयसवालको विशेष उपस्थितिमा सम्पन्न भएको थियो ।

शिविरमा सैयौं स्थानीय सर्वसाधारणले अस्थिपञ्जर, साधारण रोग, रक्तचाप, मधुमेहलगायत विभिन्न स्वास्थ्य समस्या सम्बन्धी परामर्श तथा




अध्यक्ष साजन जयसवालको नेतृत्व तथा वरिष्ठ अस्थिरोग विशेषज्ञ डा. सुनिल चौधरी (एमबीबीएस, के.यू. र एमएस ओर्थोपेडिक्स, आईओएम, त्रिवि) सहितको चिकित्सक टोलीको सहभागितामा सफलतापूर्वक सम्पन्न गरिएको छ ।

शिविरको समुद्घाटन भोलेनाथ काँवरिया संघका केन्द्रीय अध्यक्ष निःशुल्क औषधि सेवा प्राप्त गरेका थिए ।

संघका अध्यक्ष जयसवालले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो कार्यक्रम नियमित रूपमा सञ्चालन गरिने प्रतिबद्धता जनाए । आयोजकहरूका अनुसार शिविरबाट सयौं सर्वसाधारण लाभान्वित भएका छन् ।

# भारी मात्रामा लागूऔषध गाँजासहित ट्रक चालक पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । भारी मात्रामा लागूऔषधसहित ट्रक चालकलाई महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिवासले ठूलो परिमाणमा त्यारी गाँजासहित ट्रक र यसका चालकलाई नियन्त्रणमा लिएको जनाएको छ ।

विशेष सूचनाको आधारमा ब्युरो प्रमुख प्रनानी सरोज अधिकारीको कमाण्डमा खटि गएको टोलीले बर्दिबासबाट जलेश्वरतर्फ गइरहेको ना.६ ख २९१९ नम्बरको ट्रकलाई रामगोपालपुर- ५ स्थित बजार चौकमा आइतबार साँझपख चेकजाँच गर्दा ४६५ किलो गाँजा बरामद भएको छ ।




बर्दिवास- जलेश्वर सडकखण्ड आसपासका क्षेत्रमा गाँजा तस्करको चलखेल बढेको सूचनाको आधारमा रामगोपालपुर प्रहरीको सहयोगमा तलासी लिंदा ट्रकभित्र सेतो बोरा र रातो प्लास्टिकमा बेरेर राखिएको अवस्थामा उक्त गाँजा फेला परेको ब्युरो प्रमुख अधिकारीले जानकारी दिए । लागूऔषध गाँजासाहित पक्राउ परेका मकवानपुर राक्सिराङ गाउँपालिका- ५ का २६ वर्षीय ट्रक चालक मानबहादुर मुक्तानलाई आवश्यक कारबाहीका लागि अनुसन्धान प्रक्रियासमेत अघि बढाइएको जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८